# वर्गदृष्टि साप्ताहिक

Bargadristi Weekly

वर्ष १ अङ्क ४१ | २०७४ वैशाख ४ गते सोमबार | Monday, April 17, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## ६८ दलीय अनसन जारी

काठमाडौं । ६८ दलीय संयुक्त संघर्ष समितिद्वारा आयोजित रिले अनसन कार्यक्रम अरु दिन जस्तै विहान ८ बजे शुरु भयो । निर्धारित कार्यक्रम अनुसार अपरान्ह ३ बजेबाट शुभकामना तथा ऐक्यावद्ध सभामा सुरु भयो । आदिवासी जनजातिका नेता तथा बुद्धिजीवी प्रा डा. ओम गुरुङ्ले अनसनलाई सम्बोधन गरे र भने- "पंचायत शैलीमा अलोकतान्त्रिक, असम्बैधानिक ढंगले दलहरूलाई प्रतिवन्ध लगाउने क्रियाकलापको घोर भत्सर्ना गर्दै आन्दोलनका सफलताको लागि शुभकामना गर्न चाहन्छु । र आन्दोलनप्रति ऐक्यबद्धता जोहर गर्दछु ।"

सभामा आधुनिक नेपाल पार्टीका नेता प्रा. डा. मोजराज वगाले, लेखक कवि गजलकार राम बहादुर पहाडीले देशभक्ति भवना बाकेको कविता मुक्तकण्ठले वाचान गरे । उक्त कार्यक्रममा सामाना साँस्कृतिक परिवारका कलाकारहरू अनिष योञ्जन, अमित योञ्जन, राज राई, बालकृष्ण भलामीले देशभक्तिपूर्ण तथा जनवादी गीतहरू सुमधुर स्वरमा सुनाए । नेपाल यादव सेवा समितिले ... बाँकी ७ पेजमा

# गम्भीर मुठभेडतर्फ मुलुक

## स्थानीय तहको निर्वाचन अनिश्चित

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । सत्तारुढ पार्टी माओवादी केन्द्र, नेपाली कांग्रेस र प्रतिपक्षी एमालेको अधिनायकवादी हठका कारण मुलुक पुनः गम्भीर मुठभेडतर्फ धकेलिएको छ । ३१ बैशाखका लागि घोषणा गरिएको स्थानीय चुनाव बिथोल्ने कार्यक्रमसहित अनिश्चितबालीन बन्द र आम हड्ताल लगायत आन्दोलनका कार्यक्रम घोषणा गरेर अगाडि आएको मोर्चासहितको संघीय गठबन्धन र दलीय चुनाव चिन्हका लागि आन्दोलनरत ६८ दलको आन्दोलनको माग सम्बोधन नगरिदा घोषित मितिमा चुनाव नहुने लगभग निश्चित जस्तै भएको छ । र, निर्वाचन अनिश्चित बनेर गएको छ ।

सरकार, निर्वाचन आयोग र प्रमुख दल चुनावी तयारीमा लागेका छन् भने मधेशी मोर्चा, संघीय गठबन्धन र चुनाव चिन्हका माग गरिहेका नेकपा (क्रान्तिकारी माओवादी)को देशभक्त जनगणतान्त्रिक मोर्चा, नयाँ शक्तिसहितका दलहरु आन्दोलनमा छन् ।

यस्तो अबस्थामा मधेशमा मात्र होइन पहाडमा पनि चुनाव होइन, भिडन्त हुने स्थितिको विकास भएर गएको छ ।

निर्वाचन आयोगले आइतबारबाट देशभर जिल्ला निर्वाचन कार्यलय सुचारु गरेकै दिन मोर्चासहितको संघीय गठबन्धनले चुनाव विथोल्ने आन्दोलनका कार्यक्रम घोषणा गरेको छ । स्थानीय तहको उम्मेद्वार मनोनयन गर्ने दिन अर्थात बैशाख १६ गते मोर्चाले नेपाल बन्दको आव्हान गरेको छ । यसले भीडन्तलाई नै निम्ताउने खतरा बढेको छ ।

मोर्चाको आन्दोलनको कार्यक्रम आएकै दिन उपप्रधान तथा गृहमन्त्री विमलेन्द्र निधिले स्थानीय तहको निर्वाचन बिथोल्न खोज्नेमाथि कडा कार्वाही गर्ने चेतावनी दिएका छन् । उपप्रधान तथा गृहमन्त्री निधिले निर्वाचन सफल बनाउन सरकारले उच्च सुरक्षा सतर्कता अपनाएको दावी पनि गरेका छन् । संसदको राज्य व्यवस्था समितिको बैठकमा बोल्दै गृहमन्त्री निधिले निर्वाचन बहिष्कार गर्ने वा विथोल्ने काम हुन नदिने गरी सरकारले शान्ति सुरक्षाको भरपर्दो व्यवस्था गरेको बताएका छन् ।

गृह मन्त्रालयले निर्वाचनका लागि करिव २ लाख ३१ हजार सुरक्षाकर्मी परिचालन गर्ने योजना पनि बनाएको छ । नेपाल प्रहरी, सशष्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान र नेपाली सेना गरी चार वटै सुरक्षा निकायलाई परिचालन गर्ने सरकारी तयारी छ । निर्वाचनका लागि परिचालन गरिने ७५ हजार म्यादी प्रहरीलाई तालिम दिने काम सुरु गरिएको छ । गृह मन्त्रालयले निर्वाचनको सुरक्षाका लागि ७ वटै प्रदेशमा क्षेत्रीय सुरक्षा गोष्ठी कार्यक्रम पनि संचालन गरिरहेको छ ।



मोर्चाले बैशाख २७ गतेबाट आमहड्तालका साथै अनिश्चितकालिन नेपाल बन्दको घोषणा गरेको छ । निर्वाचन मिति भन्दा चार दिनअघिबाट नेपाल बन्द भएपछि मतदाता, उमेद्वार, निर्वाचन आयोगका कर्मचारी र सर्वसाधारण समेत प्रभावित हुने देखिएको छ । आम हड्तालसहितका विभिन्न कडा आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको छ ।

मोर्चाले सरकारले ल्याएको नयाँ संविधान संशोधन विधेयकको विरोधमा आइतबार नै मधेशका जिल्ला निर्वाचन कार्यालय घेराउ गरेको छ ।

अहिले सत्ता साझेदार काँग्रेस भित्रैबाट स्थानीय तहको निर्वाचनको मिति सार्न दवाव आएको छ । मधेशी मोर्चालाई समेटेर जान पनि स्थानीय तहको निर्वाचनको मिति १० पनि पर सार्न पार्टी नेतृत्वलाई दिएका छन् ।

क्रान्तिकारी माओवादीका अध्यक्ष अध्यक्ष मोहन बैद्यले स्थानीय तहको निर्वाचनलाई हतारोको विषय नबनाउन सरकारलाई ... बाँकी ७ पेजमा

## मोर्चासहितको संघीय गठबन्धनले चुनाव बिथोल्ने आन्दोलनमा

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र संघीय गठबन्धनले निर्वाचनको विरोधमा आन्दोलनका कार्यक्रम सार्वजनिक गर्दै आम हड्तालसहित अनिश्चितकालीन नेपाल बन्दसम्मका आन्दोलनका कार्यक्रम घोषणा गरेका छन् ।

मधेसी मार्चा र गठबन्धनले आइतबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै वैशाख २७ गतेदेखि आमहड्ताल र अनिश्चितकालीन नेपाल बन्दसहितका आन्दोलनका कार्यक्रम सार्वजनिक गरेका हुन् । विभिन्न जिल्ला सदरमुकाममा यही वैशाख ५ गतेदेखि नै मसल जुलुस, लाठी जुलुस, सभा, मतदान केन्द्र लक्षित लाठी जुलुस, प्रदर्शन गरिने जनाएको छ । २७ गतेदेखि भने देशव्यापी अनिश्चितकालिन हड्ताल गर्ने गठबन्धनका प्रवक्ता ओम गुरुङद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । सरकारले वैशाख ३१ गतेका लागि स्थानीय तह निर्वाचन मिति तय गरेको छ ।

जनताको अधिकार प्राप्ति र लोकतान्त्रिक मूल्य मान्यताको रक्षाका लागि आन्दोलन गर्नुपरेको ती दलहरूले प्रस्ट पारेका छन् । सरकार गठनका बेलामा भएको तीनबुँदे सहमतिअनुसार आफ्ना माग सम्बोधन गर्न संविधान संशोधन नगरिएको भन्दै मोर्चा र गठबन्धन चरणबद्ध आन्दोलनमा उत्रेका हुन् । सरकारले सीमांकनबाहेकका मुद्दा अहिले नै टुंगो लगाएर बाँकी पछि सम्बोधन गर्ने बताए पनि मधेसी मोर्चासहितको गठबन्धनले अस्वीकार गरेका छन् ।

### दलीय चुनाव चिन्हका लागि ६८ दलको रिले अनशन

## 'तीन दलीय अधिनायकवादका विरुद्ध दृढतापूर्वक संघर्ष गरौं !'



काठमाडौं । दलीय चुनाव चिन्हका लागि आन्दोलनरत ६८ दलको जारी रिले अनसनलाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले तीन दलीय अधिनायकवादका विरुद्ध दृढतापूर्वक लड्न आन्दोलनरत दलहरूसँग आग्रह गरेका छन् । शनिबार अनसन स्थल रत्नपार्कको शान्तिबाटिकामा पुगेर अध्यक्ष बैद्यले यस्तो आग्रह गरेका हुन् । कांग्रेस, एमाले र माओवादी केन्द्रले लादेको सिन्डिकेटका विरुद्ध सबैका जायज माग पूरा गर्दै अगाडि बढ्नुपर्नेमा अध्यक्ष बैद्यले जोड दिए । दल दर्ता, चुनाव चिन्ह प्रदान र छुटेका मतदाताहरूको नाम मतदाता नामावलीमा ... बाँकी ७ पेजमा

## ६८ दलको आन्दोलनमा थपियो संघीय गठबन्धन

काठमाडौं । दलीय चुनाव चिन्हका लागि आन्दोलनरत ६८ दलमा मधेसी मोर्चासहितको संघीय गठबन्धन पनि थपिएको छ । संघीय गठबन्धनले बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति, सीपी गजुरेल नेतृत्वको देशभक्त जनगणतान्त्रिक मोर्चा लगायत ६८ दलको घोषित आन्दोलनलाई समर्थन गर्दै स्थानीय तहको निर्वाचन विथोल्नेसम्मका संघर्षका कार्यक्रम घोषणा गरेका छन् ।

मधेसी मोर्चासहित २६ दल आबद्ध संघीय गठबन्धनले आफ्ना मागहरू सम्बोधन नहुने निष्कर्षका साथ यस्तो संघर्षका कार्यक्रम घोषणा गरेको हो । आइतबार पत्रकार सम्मेलन गर्दै संघीय गठबन्धनले कांग्रेस, एमाले र माओवादी केन्द्रलगायत पार्टीहरूले जनतालाई अधिकार दिन नचाहेको प्रष्ट भएकोले आन्दोलनबाटै अधिकार प्राप्त गर्न संघर्षको कार्यक्रम घोषणा गरेको जनाएको छ ।

## 'जनयुद्धकालीन मुद्दा खारेज गर'

काठमाडौं । हालै सर्वोच्च अदालतद्वारा पूर्व सभासद बालकृष्ण ढुंगेलको जनयुद्धकालीन मुद्दा ब्युँताएर फैसला समेत गरी सातदिने पक्राउ पुर्जी जारी गरिएकोमा पार्टीको गंभीर ध्यानाकर्षण भएको बताउँदै नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले बृहत शान्ति सम्झौताअनुसार जनयुद्धकालीन मुद्दाहरू राज्यको तर्फबाट तत्काल फिर्ता लिई खारेजी गर्नुपर्ने माग गरेका छन् ।

जनयुद्धको झण्डै दशवर्ष वितिसक्दा पनि जनयुद्धकालीन फिर्ता लिने काम नभएको र सत्यनिरूपण मेल मिलाप गर्नका लागि भनी दुई ओटा आयोगको कानुनी व्यवस्था गरिएकोमा त्यस अनुसार पनि न गरिएको यथार्थ स्पष्ट रहेको भन्दै यसरी बृहत् शान्ति सम्झौताको गम्भीर उल्लंघन हुँदा पनि त्यसप्रति राज्य मूकदर्शक रहनु र त्यसबारे कुनै पनि पहल नगरिनु दुःखद् विडम्बनाको विषय भएको वैद्यद्वारा शनिबार जारी वक्तव्यमा उल्लेख गरिएको छ ।

जनयुद्धको नेतृत्वको एउटा हिस्सा सरकार प्रमुखमा आसीन भैरहनु र जनयुद्धमा संलग्न भएका कार्यकर्ताहरू यसरी उत्पीडित बन्नु गम्भीर चिन्ताको विषय पनि भएको जनाउँदै वक्तव्यमा भनिएको छ, 'तसर्थ, हाम्रो पार्टी बृहत शान्ति सम्झौता अनुरूप जनयुद्धकालीन मुद्दाहरूको अविलम्ब खारेजी र बाँकी रहन गएका जनयुद्धकालीन मुद्दाहरूबारे उक्त आयोगहरू मार्फत् मेलमिलापको व्यवस्था गर्नका लागि नेपाल सरकारसित सशक्त तथा जोडदार माग गर्दछ ।'

## ढुंगेललाई पक्राउ गर्न विशेष संयन्त्र



काठमाडौं । सात दिने वारेन्ट पुर्जीसहित सर्वोच्चको आदेश आएपछि नेपाल प्रहरीले एक विशेष संयन्त्र निर्माण गरी माओवादी केन्द्रका नेता तथा पूर्वसभासद् बालकृष्ण ढुंगेललाई पक्राउ गर्न प्रहरी परिचालन गरेको छ । सर्वोच्च अदालतका न्यायाधिश आनन्दमोहन भट्टराईको एकल इजलासले बिहीबार ढुंगेललाई एकसाता भित्र पक्राउ गर्न प्रचण्ड नेतृत्वको सरकार, प्रहरी प्रधान कार्यालय तथा प्रहरी महानिरीक्षकलाई आदेश दिएको थियो ।

२०६१ सालमा जिल्ला अदालत ओखलढुंगाले जनयुद्धकालीन मुद्दामा ढुंगेललाई कर्तव्य ज्यान मुद्दामा दोषी ठहर गर्दै सर्वस्वसहित जन्मकैदको सजाय सुनाएको थियो । सो फैसलालाई पुनरावेदन अदालतले उल्टाइदिएपछि सर्वोच्चमा परेको रिट अनुसार सर्वोच्चले पुनः २०६६ सालमा जिल्ला अदालतको फैसला सदर गर्दै सर्वस्वसहित जन्मकैदको फैसला गरेको थियो । ढुंगेलले भने यो जनयुद्धकालीन मुद्दा र पार्टीको योजनामा गरिएको घटना भएकोले यसको ०६३ को विस्तृत शान्तिसम्झौता अनुसार राजनीतिक सहमतिमा तथा सत्य निरूपण तथा मेलमिलाप आयोगमार्फत् किनारा लगाउनु पर्ने बताउँदै आएका छन् ।

नेकपा ... बाँकी ७ पेजमा

## आजको राजनीतिक स्थिति र स्थानीय निर्वाचन

आज देशको राजनीतिक अवस्था निकै भयावह र जटिल बन्दै गएको छ । अहिले देशमा एकातिर राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्या असमाधेय बन्दै गएका छन् भने अर्कोतिर सत्ताभित्र तथा बाहिरका राजनीतिक शक्तिहरू बीचका अन्तर्विरोधहरू पनि छताछुल्ल भइरहेका छन् । ठीक यसैबेला स्थानीय निर्वाचनको होहल्ला मच्चाइएको छ र संविधानको कार्यान्वयनका लागि प्रदेश तथा संघीय निर्वाचनलाई मूल मुद्दा बनाइएको छ । परन्तु, देशमा गम्भीर र संगीन बन्दै गएका मुद्दा वा समस्याको समधान नगरी निर्वाचनको रामवाणले केही गर्न सक्ने देखिदैन ।

अहिले देशको सबैभन्दा ठूलो एउटा प्रमुख समस्या जनयुद्धकालीन मुद्दाहरूको समस्या बन्न गएको छ । लामो समयदेखि माओवादी नेता/कार्यकर्ताहरूमाथि लगाइएका जनयुद्धकालीन मुद्दाहरूलाई पुरानै तरिकाले नियमित प्रकारका मुद्दाहरू सरह ब्युँझाउने र दण्डसजाय गर्ने कामलाई तिव्रता दिइँदैछ । जनयुद्धकालीन मुद्दाहरूलाई खारेज गरिनु पर्नेमा त्यसो नभई विस्तृत शान्ति संभौताको गम्भीर उल्लंघन गर्ने काम भइरहेको छ । जनयुद्धकालीन एकथरि नेता सत्ताको प्रमुख पद तथा सरकारमा रहेर रसास्वादन गर्ने र अर्काथिरि नेता तथा कार्यकर्ताहरूमाथि जनयुद्धकालीन मुद्दा लगाएर जेल भर्ने अभियान चलाइदै छ । यो निकै गम्भीर विडम्बनाको विषय हो ।

> **आज देश चलाउने तालाचाभी कसको हातमा छ ? यो एउटा गंभीर प्रश्न हो । हामीले यसबारे राम्रोसित बुझ्न जरुरी छ । साँचो अर्थमा भन्ने हो भने देशलाई कुनै बाह्वयशक्तिको इसारामा चलाउने षड्यन्त्र चल्दै आएको छ ।**



● मोहन वैद्य 'किरण'

सत्ताधारी र प्रमुख प्रतिपक्षीहरूले ठूलो लोकतन्त्र आएको होहल्ला मञ्चाइरहेका छन् । तर मधेशी तथा आदिवासी जनसमुदायसहित मजदुर, किसान, महिला, दलित, मुस्लिम लगायतका उत्पीडित जनताका समस्याहरूको सम्बोधन गर्नेतर्फ लागिएको छैन । अहिले एकतर्फी रूपमा निर्वाचनको रट लगाइएको छ, तर लामो समयदेखि विकराल बन्दै आएका समस्याको समाधानतर्फ ध्यान दिइएको छैन । सत्ताधारी र प्रतिपक्षी कसैले पनि राजनीतिक सुझबुझ प्रस्तुत गर्न सकिरहेका छैनन् ।

यसैगरी सत्ताधारी र प्रमुख प्रतिपक्षीहरू देशमा ठूलो लोकतन्त्र आएको हल्लागरी एक्लै निर्वाचनमा हाम्फाल्ने तयारी गरिरहेका छन् । परन्तु, नयाँ राजनीतिक दल दर्ता, मतदाता नामावलीमा छुट भएका नामहरूको समायोजन, चुनावचिन्ह लगायतका प्रश्नमा समयको व्यवस्थापन सम्बन्धी आवश्यक ... बाँकी ७ पेजमा

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## सम्पादकीय

# जनयुद्धकालीन मुद्दा आयोगमार्फत् किनारा लगाऊ !

विस्तृत शान्ति सम्झौताको ११ वर्ष वित्न लाग्दा पनि पुरानो राज्यव्यवस्थाले जनयुद्धकालीन मुद्दामा शान्तिसम्झौताको एक पक्ष तत्कालीन माओवादीका नेता कार्यकर्तालाई जन्मकैदको फैसला गर्ने, जेल हाल्ने काम गरिरहेको छ । शान्तिसम्झौता र अन्तरिम संविधानले परिकल्पना गरेजस्तो राज्यव्यवस्थामा परिवर्तन नहुँदा अर्थात् राज्यव्यवस्थामा पुनर्संरचना हुन नसक्दा शान्ति सम्झौताको गम्भीर उलंघन हुँदै आएको छ । पछिल्लो पटक सात दिने वारेन्ट पुर्जीसहित माओवादीका पूर्व सभासद समेत रहेका बालकृष्ण ढुंगेललाई सर्वोच्च अदालतले पक्राउ आदेश गरेको छ । यसलाई नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले एक वक्तव्य जारी गर्दै शान्तिसम्झौताको गम्भीर उलंघन भएको टिप्पणी गरेका छन् । तर जनयुद्धको तत्कालीन नेतृत्व पुष्पकमल दाहाल'प्रचण्ड' नै सरकारको प्रमुख भइरहँदा जनयुद्धका सिपाही ढुंगेललाई पक्राउ आदेश जारी हुन्छ तर प्रधानमन्त्री प्रचण्ड केवल मूकदर्शक बन्छन् । जनयुद्धकालीन मुद्दाहरू सत्यनिरूपण तथा मेलमिलाप आयोगमार्फत् किनारा लगाउनु पर्छ, यो राजनीतिक मुद्दा भएकोले अदालतबाट होइन, राजनीतिक सहमतिबाट किनारा लगाउनु पर्छ भनेर चुँ सम्म प्रधानमन्त्री प्रचण्ड बोल्न सक्दैनन् । यसबाट उनले जनयुद्धका बखत प्रतिक्रियावादी अदालतले कार्यकर्तामाथि लगाएको मुद्दाको प्रतिरक्षा गर्ने सामर्थ्य गुमाइसकेको देखिन्छ ।


प्रत्याक्रमणको चरणमा पुगेको जनयुद्धलाई शान्तिसम्झौता मार्फत् अन्त्य गरिँदै गर्दा तत्कालीन शक्ति सन्तुलन तथा राजनीतिक रूपले माओवादी विजयी रूपमा प्रभावी थियो । शान्तिसम्झौता तथा अन्तरिम संविधानको मूल स्पिरिटले पनि त्यसलाई व्यक्त गर्दछ । तर माओवादी आन्दोलनमा आएको विभाजन र विघटनले शक्तिसन्तुलनमा तलमाथि पर्दा शान्तिसम्झौताको कार्यान्वयन हुन सकेन र दोस्रो संविधानसभामार्फत् जारी संविधानले नयाँ रूपमा पुरानै प्रतिक्रियावादी व्यवस्थालाई संस्थागत गर्न पुग्यो । शान्ति सम्झौता र समझदारीहरू उल्टिनेक्रम जारी छ । ढुंगेल प्रकरण सुरुवात मात्र हो । समयको अन्तरालमा यही स्थितिले निरन्तरता पाउँदै जाने हो भने जनयुद्धका नेतृत्व गर्ने प्रचण्डलगायतका शीर्ष नेताहरूलाई पनि पक्राउ आदेश जारी हुनेछ र आजीवन जेलमा सडाइनेछ । तर यो परिस्थितिको आँकलन प्रचण्डलगायत जनयुद्धकालीन शीर्ष माओवादी नेतृत्वले गर्न सकेको देखिएको छैन ।

०६३ मा जारी भएको अन्तरिम संविधानले ६ महिनाभित्र गठन गर्ने समयसीमा तोकेको भएपनि बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१ माघ २७ गतेको निर्णयबाट सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गरियो । यसले १४ मंसिर ०७३ सम्म ५८०५२ उजुरी संकलन गरेको छ । उजुरीमाथि छानविन गर्ने क्रममा आयोगभित्रकै सदस्यबीचको विवादले कुनै काम अगाडि बढ्न सकेको छैन । यसको अर्थ त्यहाँ पनि राजनीतिक खिचातानी र दाउपेचले काम गरेको छ । राजनीतिक शक्तिसन्तुलनको असर त्यहाँ पनि परेको छ । र, विदेशी शक्तिकेन्द्रहरूको स्वार्थ पनि मुखरित भएको छ । परिणाम स्पष्ट छ- अन्ततः सत्यनिरूपण आयोगले केही गर्न सक्ने छैन । सबै कुरा शक्तिकेन्द्रले आफ्नो स्वार्थ र शक्तिसन्तुलनको आधारमा निर्धारण गर्नेछन् ।

दिनको घाम झैं छर्लङ्ग छ- देशभित्रका र बाहिरका प्रतिक्रियावादीहरू माओवादी युद्ध र आन्दोलनलाई सेबोटेज गराउन चाहन्थे, त्यसमा उनीहरू एक हदसम्म सफल भइसकेका छन् । जनयुद्धका शीर्ष नेतृत्वहरू प्रचण्ड-बाबुरामलाई नै दुरूपयोग गरेर माओवादी आन्दोलनलाई क्षतिविक्षत पारिदिए । अहिले कमजोर बनाइएका प्रचण्ड बाबुरामलाई जनयुद्धकालीन मुद्दाको डर भयंकर छ । उनीहरू ती मुद्दाबाट बच्न शक्तिकेन्द्र (भारतीय विस्तारवाद)को शरणमा परेका छन् । तर अनेक नौटंकी गरेपनि उनीहरू यो मुद्दाबाट बच्न सक्ने देखिन्न । यो माओवादी जनयुद्धको प्रक्रियाबाट आएका सबै माओवादी नेता कार्यकर्ताहरूको लागि सत्य हो । यसर्थ, जनयुद्धको प्रक्रियाबाट आएका विभिन्न धारामा विभक्त माओवादी नेता कार्यकर्ताहरूले जनयुद्धकालीन मुद्दाहरू आयोग तथा राजनीतिक सहमतिमार्फत् किनारा लगाउन दबाब दिन जरुरी छ । शान्तिसम्झौताको एउटा हिस्सेदार भएका कारण शान्तिसम्झौताको उलंघनका विरुद्ध र कार्यान्वयनका लागि एकसाथ दबाब सिर्जना गर्न आवश्यक छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# मार्क्सवाद-लेनिनवाद-माओवाद कुनै देवत्व होइन


पुष्पगोपाल श्रेष्ठ

मार्क्सवाद कुनै पनि विषय वस्तु वा कुनै समस्याको बारेमा अध्ययन अनुसन्धान नगरेसम्म कोही कसैलाई पनि त्यस बारे बोल्ने अधिकारबाट कडाइका साथ बञ्चित गरेको छ । यसो गर्नु अव्यावहारिक र कुनै वदकपन हैन । किनभने तपाई हामीले कुनै विषयवस्तुको समस्यालाई त्यसको भित्र बाहिर र गहिराइसम्म निहालेर त्यसलाई नचिनेसम्म, वर्तमानको तथ्य र इतिहासको गहिराइमा ज्ञान हासिल नभएसम्म, त्यसको आधारभूत कुरा जान्न सकिन्न । जसको आधारभूत कुरै जानेको हुन्न भने त्यसबारे बोल्नु भनेको पुरै बहुलट्ठीपन मात्र हुन जाने छ । यस्तो बहुलट्ठीपनले समस्याको समाधान हुँदैन । अनि यस्तो स्थितिमा बोल्न बञ्चित गर्नु के गलत हो र ? पक्कै पनि गलत हैन । अन्धो मान्छेले हात्तीको सूँढ छामेर घरको खम्बा थानेजस्तो गरी अनर्गल (बहुलट्ठीपन) कुरा गर्दै हिंड्नु सच्चा कम्युनिष्टको लागि शोभा दिंदैन मात्र हैन, यो त कम्युनिष्टका लागि लाजमर्दो कुरा हो ।

नेपालमा कम्युनिष्ट पार्टी गठन भएको ६ दशक बितिसक्दा पनि आजसम्म कम्युनिष्ट आन्दोलनले कुनै खास गति लिन नसक्नुको मूल कारक तत्व भन्नु नै, समस्याको बारेमा अध्ययन अनुसन्धान, विद्यमान तथ्य र इतिहासको ज्ञानबिना अनर्गल गफ हाँक्दै बहुलट्ठीपन काम कुरोमा अल्झि अन्दोलन (क्रान्ति)को निमित्त आवश्यक रणनीति र कार्यनीति तर्जुमा गर्नमा हुनगएको कमीकमजोरिको नतिजा हो, त्यो त्यतिबेलाको स्थितिलाई नियालेर भन्नुपर्दा नेतृत्व तहमा क्रान्तिकारीहरूको अलावा त्यस्ता थुप्रै मान्छे थिए, जो क्रान्तिविरोधी दक्षिणपन्थी अवसरवादी तथा संशोधनवादीहरू जसले पार्टीमा आफ्नो रवाफ जमाइबसेका थिए । तिनीहरू, खासमा भन्नुपर्दा समस्या आइलाग्दा समाधान गर्नुको साटो निच मार्ने गर्थे र आफ्नो गल्ती, कमी कमजोरी धाकछोप गर्न उनीहरू चाँडो तनावमा आएर भन्न थाल्छ, फलाना धिस्काना असक्षम छन्, तोकिएको जिम्मेवारी पूरा गर्न सक्दैन । वास्तवमा उनीहरूको त्यो कार्यभाषा हो ।

हामीले मार्क्सवादी-लेनिनवाद-माओवाद स्वीकार्नु र मान्नको तात्पर्य निश्चितै पनि त्यो होइन कि तिनीहरू देव-देवता हुन् । हो त उनीहरूले प्रतिपादन गरेको सिद्धान्त, हाम्रो निमित्त मार्गदर्शक सिद्धान्त यस मानेमा हो कि हाम्रो व्यवहार र संघर्षमा सही साबित भएको छ भन्ने हो । त्यसो त यस्ता मान्छे पनि थुप्रै छन्, जसले मालेमावाद अध्ययन चिन्तन-मनन गरेका छन् तर क्रान्तिप्रति गद्दारी पनि गरेका छन् । विगतमा हामीले ती नै मार्क्सवाद-लेनिनवाद-माओवादलाई पथप्रदर्शक सिद्धान्त मानी उहाँहरूले गर्नुभएको अत्यन्तै कठोरतम अनुभवलाई संगाली नेपाली भूमिका सच्चा क्रान्तिकारी कम्युनिष्टहरू नेकपा (माओवादी)ले माओद्वारा, अर्धसामन्ती र अर्धऔपनिवेशिक देश तथा शोषितपीडित आमजनताको मुक्ति र स्वतन्त्रताको निमित्त अचुक वैचारिक हतियारको रूपमा निर्देशित 'गाउँबाट सहर घेर्ने, दीर्घकालीन सशस्त्र जनयुद्धको माध्यम' नयाँ जनवादी क्रान्तिलाई व्यवहारतः कार्यान्वयन गरी देशको ८० प्रतिशत भू-भाग कब्जा जमाउनुको सँगै जनसत्ता, क्रान्तिकारी अदालत, क्रान्तिकारी आधारइलाका र जनकम्युनहरू खडा गर्दै प्रत्याक्रणको चरण पुगिसकेको जनयुद्धलाई प्रमुख नेतृत्व प्रचण्ड र बाबुराम जस्ताले पार्टी, देश र जनतालाई ढोका दिएर गद्दारी गर्न पुग्नुले अस्थायीरूपको पराजय भई पछाडि धकेलिएको वर्तमान यो ।

कुनै पनि बेला हामीले हाम्रो सामु आइपरेका विभिन्न समस्याको मात्र होइन बल्कि देशमा विद्यमान वस्तुस्थिति र समस्याको अध्ययन अनुसन्धान गर्दा अनुसन्धानको मुख्य पद्धति त्यहाँका विभिन्न सामाजिक वर्गहरूलाई अलग-अलग गरेर विश्लेषण गर्ने गर्नु पर्दछ । यसो गर्ने गर्दा हामी वर्गीय शक्तिको सही मूल्यांकनको निचोद निकाल्न सक्षम हुन्छौं र कुन वर्ग क्रान्तिकारी संघर्षको मुख्य शक्ति हो, कुन वर्गदुश्मन हो, कुन वर्ग मित्र शक्ति हो भनी छुट्याउन सजिलो पर्छ । त्यसपछि हामीले कुन वर्गको हातबाट सत्ता खोस्नु पर्छ भनेर सही क्रान्तिकारी रणनीति तयार गर्न सकिन्छ । अध्ययन-अनुसन्धानको यो मार्क्सवादी पद्धति बिना क्रान्तिको निमित्त आवश्यक क्रान्तिकारी रणनीति निर्माण गर्न सकिन्न । क्रान्तिकारी रणनीतिबिना गरिने कुनै पनि क्रान्ति, क्रान्तिको नाउँमा क्रान्ति विध्वंशमा परिणत भई जनधनको क्षति हुन पुग्नुले क्रान्तिलाई धेरै पछाडितिर धकेल्न पुग्छ ।

यहाँ बुझ्नुपर्ने कुरा के हो भने नेतृत्वको कुनै उच्चतर निकायबाट दिशा निर्देशन गरिएकै कारण मात्र त्यो सही हुन सक्दैन । बरु यसकारणले चाहीँ त्यो सही हुन्छ, जसको अन्तरवस्तु संघर्षको वस्तुगत र मनोगत परिस्थिति अनुरूप छ, त्यसको आवश्यकता पूरा गर्न सक्छ । हामीमा प्रायःजसो माथिल्लो निकायबाट आएको नीति र निर्देशन भन्दै बिना विचार-विमर्श र वास्तविकतासँग जाँच्दै नजाचिकन आँखा चिम्लेर औपचारिक व्यवहार गर्ने आदत रहिआएको छ । यसरी आँखा चिम्लेर शीरोधार्य गर्ने प्रवृत्ति भन्नु नै नोकरशाही प्रवृत्ति हो । यस प्रकारको औपचारिकवादले पार्टीको लाइन र रणकौशल जनसमुदायको बीचमा गहिरोसँग घुलमिल हुन सक्दैन र घुलमिल हुन नै दिंदैन । वास्तवमा भन्नुपर्दा माथिल्लो निकायको निर्देशन भन्दै आँखा बन्द गरेर प्रत्येक विषयवस्तुमा कुनै सोच विचारै नगरी कुनै असहमतिसम्म नजनाई शीरोधार्य गर्नु भनेको निर्देशन लागू गर्नु होइन, त्यसलाई बडो चलाखीपूर्वक ध्वंश र विरोध गर्नु जस्तो हो ।

क्रान्तिकारी कम्युनिष्टहरूले गर्ने र गरिने कुनै पनि क्रियाकलापलाई वास्तविक परिस्थितिको अध्ययन-अनुसन्धान गर्दा वर्गशक्तिको आँकलन गर्नु जरुरी छ । यसो भनेर फेरि आदर्शवादी तरिकाले गर्ने र आर्दशवादद्वारा निर्देशित भएर होइन । आदर्शवादी निर्देशनअनुरूप गर्ने हो भने क्रान्तिकारीहरू अवसरवाद या विद्रोहवादसम्म पुग्ने अवश्यंभावी छ । उदाहरणको लागि तपाईले कुनै अध्ययन-अनुसन्धान नगरिकन राजनीतिक परिस्थितिको मुल्यांकन गर्नुस् वा संघर्षको मार्गदर्शन गर्नुस्, अनि तपाईले प्रत्यक्ष रूपले देख्नु हुने छ कि यस्तो मुल्यांकन आधारहीन र आर्दशवादी हो कि होइन (छ कि छैन) अझ भनुँ यसले अवसरवादी या विद्रोहवादी गल्तीसम्म पुऱ्याउँछ कि पुऱ्याउँदैन आफैले देख्नु हुनेछ र थाहा पाउनु हुनेछ । हामी देख्छौं दुनियाँमा कतिपय क्रान्तिकारी कामकारबाहीहरू असफल भएको देख्छौं, यस्तो काम कारबाही सतर्क रूपमा पूर्वयोजना बनाउनु विफल भएका कारणले होइन बरु त्यसको उल्टो योजना बनाउनुपूर्व विशिष्ट सामाजिक परिस्थितिका विशेष सतर्कतापूर्वक अध्ययन-अनुसन्धान गर्न असफल हुनुको कारण हुन्छ ।

क्रान्तिकारीहरू हरहमेसा सबै प्रकारका अवसरवाद र विद्रोहवादी गल्तीसँग होशियार रहनु नै पर्छ । जनसमुदायको विश्वास जित्न सर्वप्रथम आदर्शवादको जरा काट्नु पर्छ र जनसमुदायको हर सुखदुःखमा बिना छलकपट घुलमेल भएर विश्वास जितिसकेपछि मात्र हामी शत्रुलाई पूरै पराजित गर्न सक्छौं ।

यसरी नै हाम्रो लक्ष्य सामाजिक, आर्थिक अध्ययन अनुसन्धान वर्गशक्तिहरूको सही मुल्यांकन र फेरि संघर्ष गर्न सही रणकौशलको सुत्रीकरण गर्नु हाम्रो अध्ययन-अनुसन्धानले प्रत्येकवर्गको वर्तमान स्थिति र यसको विकासको उतारचढावबारे सङ्लो तस्बिर उर्तानु रहेको छ । यसो गर्नुको हाम्रो उद्देश्य विभिन्न सामाजिक वर्गको राजनीतिक र आर्थिक स्थिति थाहा पाउनु हो । यसर्थमा हाम्रो अध्ययन-अनुसन्धानको मुख्य पद्धति विभिन्न सामाजिक वर्गलाई अलग-अलग पारी विश्लेषण गरेपश्चात् उनीहरूको अन्तरसम्बन्धबारे जानकारी हासिल गरी ... बाँकी ७ पेजमा

## झर्रोटर्रो

कैलुब्राह

# नयाँवर्षको नयाँ शुभकामना

हिजो शुक्रबारदेखि नयाँ बर्स सुरू भयो । यो पृथ्वीलोकको नेपाल मण्डलमा मात्र लागू हुने वर्ष हो, विक्रम सम्वत । गुज्जर भैय्याको हिन्दूस्तानी मण्डलतिर पनि यो वर्षलाई मान्ने चलन त छ, तर त्यो पात्रोमा मात्रै सीमित हुन्छ । व्यवहारमा त उनीहरूले अङ्ग्रेजी वर्षलाई नै मान्छन् । किनकि उनीहरूको राजनीतिक गुरु र विकासे गुरु पनि तिनै अङ्ग्रेजी कुइरे भएको हुनाले उनीहरूले अङ्ग्रेजी वर्षलाई व्यवहारमा पालना गरेका हुन् । जे होस् नेपाल मण्डलमा चाहिँ हिजोदेखि वर्ष फेरिएको छ । हिजोबाट २०७३ लाई विदा गरेर २०७४ लाई घरमा भित्र्याएका छौं । वर्ष भित्र्याउँदा यहाँका रैती मनुवाहरूले गच्छेअनुसार स्वागत सत्कार गर्ने गर्छन् । कुखुरा, सुँगुर, खसी, राँगा काटेर नयाँ वर्षको उपलक्षमा मासु खान्छन् । खिर, पुडी पकाएर खाँदै शुभकामना आदान प्रदान गरेर नयाँ वर्ष मनाउने चलन सनातनदेखि चलिआएको छ । अचेल फेसबुके र टुइटे दुनियाँ भएकाले फेसबुक र टुइटेका भित्तामा रङ्गीन अक्षर लेखेर शुभकामना दिने, लाइक र शेयर गरेर नयाँ वर्षको स्वागत गर्ने फेसन चलेको छ । सबैका हातहातमा मोवाइल भएकाले फोन गरेर शुभकामना दिने लिने गरिन्छ ।

यसरी दिने लिने गरेका शुभकामनाले मनुवाको साँच्चै शुभ भएको भने यो कैलुब्राहले कहिल्यै देख्न पाएको छैन । सरकारी पगरी गुथेका लाउकेदेखि पार्टी चलाउने टाउकेसम्मले देशवासी रैती मनुवाहरूका नाममा नयाँ वर्षको शुभकामना दिने होडवाजी चल्छ । यो वर्ष त झन् चुनाउ गर्ने वर्ष भएकोले होला केही पार्टीका भुरेटाकुरे नेतादेखि केन्द्रका जेठासम्मले शुभकामना कार्ड छापेर भोटर मनुवाका घरघरमा पुऱ्याएको पनि देख्न पाइयो । भोट माग्ने कस्तो गजवको काइते काइदा । भोटर मनुवा पनि पार्टीको नेताले आफूलाई सम्झिएर आफ्नै नाउमा कार्ड पठायो भनेर मखलेल । नेताले उसलाई होइन उसको भोटलाई सम्झिएको हो भन्ने बबुरो भोटर रैतीलाई के थाहा । अहिले शुभकामना दिने नेताले चुनाउ जितेर कुभलो गरेको उसले पत्तै पाउँदैन । अहिले कार्ड छापेको पैसा भोली विकासे बजेटबाट अशुलउपर गरेको कुरा उसले सुइँको पाउँदैन । जस्ले जस्लाई शुभकामना दिन्छ त्यसैले त्यसैको कुभलो चिताएर त्यस्तै काम गरेपछि किन शुभ होस् । अशुभ मात्रै हुने त हो । यहाँ सँधै अशुभै अशुभ मात्रै मौलाएको छ ।

सँधै नयाँ वर्ष आइरहन्छ, सँधै शुभकामना साटासाट गरिन्छ तर शुभ हुने कहिल्यै होइन । अब त यो शुभकामना दिने प्रचलन पनि पित्रहरूको श्राद्धे गरे जस्तै हुन थाल्यो । वर्ष वर्षमा श्राद्धे गऱ्यो सकियो । मरेका पित्रहरूको श्राद्धे गर्दाको दिन छाक छोडेर, असन चिज (जाँड, रक्सी, माछा मासु आदि) नखाएर, बिहान बिहानै पण्डित बोलाएर वैदिक विधि विधानअनुसार पिण्ड तरपण दिएर पण्डित र कन्याहरूलाई टीका लगाएर दान दक्षिणा गऱ्यो, श्राद्धे सकियो । त्यसपछि त बाँकी दिनमा जाँड रक्सी धोक्यो, स्वास्नी छोराछोरीलाई लौरोले ठोक्यो, बाबु बाजेले बचाइदिएको सम्पत्ती पोख्यो, टोल छिमेकमा खोक्यो, सडेको विचार बोक्यो, चुनाउमा पुरानै पार्टीका हड्डी टोक्यो । यस्तो छ नयाँ वर्षमा शुभकामना दिने लिनेहरूको काइदा ।

हरेक वर्ष फेरिने साल भने नयाँ हुन्छ तर शुभकामना सँधै पुरानै हुन्छ । साल फेरिँदा एकएक अङ्क बढ्छ तर शुभकामनाको भाषा, शैली, अक्षर एउटै हुन्छ । पत्रिकाले पोहर सालकै शुभकामना कपि गरेर अहिलेकोमा पेस्ट गरेर छापिदिन्छ । रिरिबाजा र टेलिभिजनले पोहरकै रेकर्ड सुनाउँछ । त्यो कहिल्यै नयाँ भएको कैलुब्राहले देख्नै पाएको छैन । त्यै भएर कसैको पनि शुभ नभएको हो भन्ने कैलुब्राहको ठहर छ । शुभकामना नयाँ भए पो शुभ पाउने मनुवाको शुभ हुँदो हो । दलका लाउकेदेखि सरकारका टाउकेसम्मका उपरवालेहरूको शुभकामना सन्देश रैती मनुवाका नाममा हुन्छ । यति धेरैले शुभकामना दिँदा पनि रैतीको शुभ भएको कहिल्यै होइन । त्यसैले कैलुब्राहले यस वर्षको शुभकामना नयाँ ढङ्गबाट दिने ठहर गरेको छ । त्यो पनि रैतीलाई होइन माथिका सरकारी टाउके र दलका लाउकेहरूलाई । शुभकामना यस्तो छ –

महामहिम म्याडम आधापति महोदय, कामरेड उपपति महोदय, मिस्टर प्रम सुप्रिमो महोदय, झगडिया उप त्रय महोदय, सबै लाउके मन्त्री महोदय, म्याडम कामरेड आधामुख महोदय, पार्टीलाई सहयोग गरेकादेखि साक्षात रैतीलाई मम ख्वाएर माथि पुगेका माननीयसावहरू, नेपाल सरकार र लैनचौरबाट दुबै हातले तलव डकारेर राष्ट्रसेवामा अहोरात्र खटिएका उच्च र विशिष्ट तहका राष्ट्रसेवकहरू, ब्रिफकेश बोकेर बढुवाका लागि दलका दैलो दैलोमा धुपबत्ती बाल्न हिंड्ने अनि रैतीका टाउकामा लाठी र बन्दुक बर्षाएर सुरक्षा गर्ने सुरक्षाकर्मीहरू, देशको सीमा मिचिँदा टुलुटुलु हेरेर बस्ने तर आफ्ना रैतिले अधिकार मागेर सडकमा जाँदा तिनलाई शत्रु देखेर गोलीले उडाउने शत्रु र मित्र चिन्न नसक्ने यस्ता रतन्धो लागेका रक्षकहरू सबै सबैमा नयाँ वर्ष २०७४ सालको उपलक्षमा देशलाई जतिसक्दो चाँडो कङ्गाल बनाई, राष्ट्रका बचेखुचेका नदिनाला, खोला खोल्सी, डाँडाकाँडा, ढुङ्गा, गिट्टी, बालुवा, बनजङ्गल छिटो बेचेर देश विकास गर्ने बुद्धि पलाओस् । एयरपोर्टबाट किलोमा नभई बोराका बोरा सुन, हरिरोइन, डलर आदिको तस्करी फल्दोफाप्दो होस् । हरेक दलका पाखुरे सङ्गठनका तरुनी तन्नेरीहरू सबैलाई डनको तालिम गराएर डनको खेती मौलाओस् । आगामी चुनाउहरूमा सबै लाउके दलहरूले विदेशका धनिमानी सैंठहरूलाई पार्टीमा भित्र्याएर बंशजकै नागरिकता दिलाएर उमेद्वार बनाई गाउँको विकास गराई सबै तन्नेरी रैतीहरूलाई खाडीमा जान सहज भिसाको व्यवस्था मिलाउने सदबुद्धि पलाओस् । महङ्गी दिन दुईसय गुणा, रात चारसय गुणा बढाएर गिनिज बुकमा नाम दर्ता गराई सुडान र इथियोपियालाई माथ गरि सगरमाथा पुग्ने हरिकङ्गाल बनाउने प्रेरणा मिलोस् । सरकार नौ महिनामा नभएर संसदमा पुगेका सबै माननीयहरूले आफ्नो कार्यकालमा एकै दिन भए पनि प्रधानमन्त्री बनेर इतिहास रच्ने अवसर पाउने व्यवस्था संविधान संसोधन गरेर भए पनि राख्ने व्यवस्था गरियोस् । पाँच जना सरकारी विशिष्ट टाउकेमात्र नभई सबै तहका संसदमा पुगेका जति सबैलाई आजिबन भत्ता सुविधा दिने व्यवस्था संविधानमा राख्न सफलता मिलोस् भन्ने हार्दिक शुभकामना दिन चाहन्छु । श्री जनवरपतिनाथले सबै लाउकेहरूको कल्याण गरुन् । हरिओम् तत्सत् ।

*२ बैशाख २०७४*

kailubraha73@gmail.com

# जिल्ला, गाउँ/नगर हुँदै वडासम्म फैलँदैछ देजमो

काठमाडौं । नेपालमा नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा गर्न त्यसको तयारी स्वरूप नेकपा (क्रान्तिकारी माओवादी) क्रान्तिको तीन जादुगरी हतियार- पार्टी, सेना र संयुक्त मोर्चाको अवधारणा अन्तर्गत गठन गरेको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले छोटै अवधिमा देशव्यापी रूपमा संगठनको जालो फिंजाएको छ । पार्टीको हालै सम्पन्न केन्द्रीय समितिको विस्तारित बैठकले स्थानीय तहको निर्वाचनको मोर्चामार्फत् 'क्रान्तिकारी उपयोग' गर्ने नीति लिएपछि पार्टीभित्र र बाहिरबाट मोर्चाप्रति आकर्षण बढेर गएको छ । केन्द्र, राज्य, जिल्ला, नगर/गाउँ हुँदै वडासम्म देजमो फैलदै गएको छ ।

मोर्चाको केन्द्रीय कार्यालय स्रोतले जनाए अनुसार हाल देशैभर ५० भन्दा बढी जिल्लामा देजमोका जिल्ला कमिटिहरू छन् भने वडासम्म फैलने क्रममा छन् । स्थानीय तहको निर्वाचन अगाडि नै बाँकी रहेका जिल्लाहरूमा जिल्ला कमिटिहरू बनाइसक्ने र वडा वडासम्म संगठनको जालो फिजाउने लक्ष्य राखिएको छ । पार्टी र देजमोका नेताहरू अहिले जिल्ला जिल्लामा संसदवादीहरूको भण्डाफोर र संगठन विस्तारको कार्यक्रमलाई एकैसाथ लिएर गएका छन् ।

"स्थानीय तहको निर्वाचनको क्रान्तिकारी-उपयोग गरौं !, देशभक्त जनगणतान्त्रिक मोर्चा (देजमो), नेपालका उम्मेदवारहरूलाई अत्यधिक मतले-विजयी गराऔं !, सामन्त, दलाल, नोकरशाही र प्रतिकृयावादी तत्वहरूको-भण्डाफोर गरौं !, राष्ट्रघाती, जनघाती र भ्रष्टाचारी तत्वहरूको - भण्डाफोर गरौं !, पश्चगामी संविधान - खारेज गरौं !, संघीय जनगणतान्त्रिक संविधान - निर्माण गरौं !, दक्षिणपन्थी संशोधनवाद - मुर्दावाद !, साम्राज्यवाद, विस्तारवाद - मुर्दावाद !, देशभक्त जनगणतान्त्रिक मोर्चा (देजमो), नेपाल - जिन्दावाद !" नारा लिएर जनता बीचमा गएको देजमोले निर्वाचनका दौरानमा राष्ट्रघाट, जनघात, भ्रष्टाचार र संविधानसँग सम्बन्धित विषयहरू लगायत स्थानीय मुद्दाहरू समेत जोडेर ने.का., एमाले, माओवादी केन्द्र र राप्रपा जस्ता प्रतिगामी, प्रतिकृयावादी र प्रतिकृयावादोन्मुख पार्टी र तत्वहरूको व्यापक भण्डाफोर गर्ने नीति लिएको छ । त्यसका लागि जनसभा, जनप्रदर्शन, गोष्ठी, अन्तरकृया लगायतका कार्यक्रमहरू तय गरिएको सम्बद्ध कार्यालय स्रोतले जनाएको छ ।

मोर्चाको २०७३ भाद्र २६ र २७मा सम्पन्न राष्ट्रिय भेलामा अध्यक्ष सी.पी.गजुरेलद्वारा प्रस्तुत र पारित घोषणा पत्रमा भनिएको छ, "नेपाली समाज पछिल्ला दशकमा दश वर्षको महान जनयुद्ध (२०५२-२०६२) र ऐतिहासिक जनआन्दोलन (२०६२/०६३)को क्रान्तिकारी आन्दोलनको आँधी बेहरी र उथल-पुथलमय समयबाट गुज्रियो । यो जनक्रान्तिले पूर्णता पाउने आसा गरेका नेपाली जनताले त्यसको ठिक विपरीत अर्को प्रतिक्रान्तिको शृंखलाको सामना गर्नु पऱ्यो । अहिले पनि नेपाली समाज त्यही शृंखलाबाट गुज्रिरहेको छ ।

शोषणका रूपहरूमा केही हेरफेर अवश्य भएको छ । तर नेपाली समाज अहिले पनि दलाल र नोकरशाही पुँजीपतिवर्ग र सामन्तवर्गको उत्पीडन र शोषणबाट पिल्सिरहेको छ भने साम्राज्यवाद र विस्तारवादको वाह्य उत्पीडनको शिकार भएको छ । नेपाली समाजमा विद्यमान यो अन्तरविरोधको समाधान फेरी अर्को सशक्त संघर्ष, सशक्त जनआन्दोलन, र अग्रगामी क्रान्तिले मात्र गर्न सक्ने छ । त्यसको तयारीका लागि यो मोर्चाको टड्कारो आवश्यकता छ ।"

**रामेछाप र दैलेखमा विशाल जनसभा सम्पन्न**

रामेछापबाट प्राप्त समाचार अनुसार जिल्लाको सुनापाति गाउँपालिकामा भव्य रूपमा जनसभा सम्पन्न भएको छ । मोर्चाको केन्द्रीय अध्यक्ष सीपी गजुरेलको प्रमुख आतिथ्यतामा सम्पन्न जनसभामा पार्टीका केन्द्रीय सचिवालय सदस्य तथा पूर्वी ताम्सालिङका इन्चार्ज राम आचार्य, पार्टी केस तथा अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघका सहसंयोजक फुर्नाम्गेल लामा, पार्टीका केस तथा रामेछाप जिल्ला इन्चार्ज गणेश बहादुर खड्गी' गगन', तामाङ राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष निमा दोर्जे लामा लगायत नेताहरूको उपस्थिति रहेको थियो ।

प्रवीण तामाङले संचालन गरेको कार्यक्रममा हजारौंको संख्यामा स्थानीय जनसमुदायको उपस्थिति रहेको थियो ।

त्यसैगरी दैलेखबाट प्राप्त समाचार अनुसार जिल्लाको चामुण्डा विन्द्रसौनि नगरपालिकामा वृहत् जनसभा सम्पन्न भएको छ । मोर्चाका केन्द्रीय सचिव परि थापाको प्रमुख आतिथ्यतामा भएको उक्त जनसभामा सचिव थापा, पार्टीका कार्यालय सदस्य तथा प्रवक्ता हरिभक्त कँडेल, पार्टीका सचिवालय सदस्य तथा थारुवान राज्यका इन्चार्ज हर्क बहादुर शाही, पार्टी केस तथा दैलेख इन्चार्ज दिपक शाही, शिक्षक नेता तर्क थापा, दीघी शाही, मानबहादुर, भरत रेग्मी लगायतले सभालाई सम्बोधन गरेका



थिए । पार्टीका जिल्ला सेक्रेटरी विरेन्द्र सिंह' अशोक'को अध्यक्षतामा सम्पन्न भएको उक्त जनसभाको संचालन विध्यार्थी नेता जगदिश शाहीले गरेका थिए । हजारौंको संख्यामा उपस्थित जनसभामा माके, एमाले, कांग्रेस, नेकपा लगायत पार्टी परित्याग गरेर करिब २ सय नेता कार्यकर्ता देजमोमा प्रवेश गरेको नेता दिपक शाहीले बताए ।




**कहाँ कहाँ बन्यो संगठन ?**

देशैभरि देजमोको संगठन तीव्र बनेको छ । देजमोका कार्यालय सचिव हरिकृष्ण गजुरेलले दिएको जानकारी अनुसार रामबहादुर केसीको नेतृत्वमा ३५ सदस्सीय राज्य कमिटि बनेको छ भने यमबहादुर शाहको संयोजकत्वमा ३५ सदस्यीय र पाँच सदस्यीय सल्लाहकार कमिटि बनाइएको छ । कैलालीको धनगढी उपमहानगरपालिकामा छत्र भूपतको संयोजकत्वमा ५१ सदस्यीय नगर कमिटि गठन गरिएको छ ।

यता मिथिलामा रोशन जनकपुरीको नेतृत्वमा १५ सदस्सीय, धनुषामा ११ सदस्सीय- नन्दकुमार भाको संयोजकत्वमा, महोत्तरीमा ९ सदस्यीय बलिराम यादवको संयोजकत्वमा, सिरहामा ९ सदस्यीय किरण अधिकारीको नेतृत्वमा बनेको छ ।

त्यसैगरी पूर्वी ताम्सालिङको काभ्रेमा ५१ सदस्सीय- गोपाल घिमिरे, रामेछाप-१९ सदस्यीय- लाङ्घाली मगरको नेतृत्वमा बनाइएको छ भने किरातको उदयपुरमा ११ सदस्यीय- लिल बहादुर विश्वकर्माका नेतृत्वमा, खोटाङमा ७ सदस्यीय शुभचन्द्र राईको संयोजकत्वमा ओखलढुंगामा ११ सदस्यीय- पेमडोमा शेर्पाको नेतृत्वमा देजमोका कमिटिहरू निर्माण गरिएका छन् ।

यता नेवा राज्यमा गोर्की श्रेष्ठको नेतृत्वमा १३ सदस्यीय कमिटि निर्माण गरिएको छ भने काठमाडौंमा २९ सदस्यीय किरण शाहीको संयोजकत्वमा, ललितपुरमा ३५ सदस्यीय निरञ्जन श्रेष्ठ संयोजकत्वमा देजमोका जिल्ला कमिटिहरू निर्माण गरिएका छन् भक्तपुरमा देजमो गठनको अन्तिम तयारीमा रहेको छ ।

त्यसैगरी पश्चिम मगरातबाट प्राप्त जानकारी अनुसार सल्यानमा राजेन्द्र शाहको संयोजकत्वमा १७ सदस्यीय जिल्ला कमिटि निर्माण गरिएको छ भने प्यूठानमा गोपाली नेपालीको नेतृत्वमा ३५ सदस्यीय कमिटि बनाइएको छ ।

यता पूर्वी मगरातको गुल्मीमा ११ सदस्यीय केशव अधिकारीको नेतृत्वमा, पाल्पामा १५ सदस्यीय मकबुल अलिको नेतृत्वमा देजमोका जिल्ला कमिटिहरू बनेका छन् भने पश्चिम ताम्सालिङको चतवनमा अशोक शर्माको संयोजकत्वमा २५ सदस्सीय जिल्ला कमिटि बनेको छ । त्यसैगरी नुवाकोटको २५ सदस्यीय कमिटिको नेतृत्व नारायण अधिकारीले गरेका छन् ।

तमुवानबाट प्राप्त समाचार अनुसार भीम बहादुर श्रीस मगरको संयोजकत्वमा कास्कीमा २१ सदस्यीय कमिटि निर्माण गरिएको छ भने छवि घलेको नेतृत्वमा गोरखामा देजमोको जिल्ला कमिटि बनेको छ ।

त्यसैगरी अवधको नवलपरासीमा ३५ सदस्य कमिटिको नेतृत्व वृजदेव पाण्डेले गरेका छन् भने कोचिला राज्यमा मनोज श्रेष्ठको नेतृत्वमा ३५ सदस्यीय कमिटि गठन गरिएको छ । मोरङमा ४५ सदस्यीय शान्तिराम गिरीको नेतृत्वमा, सुनसरीमा ३५ सदस्यीय कमिटि पशुपति आचार्यको नेतृत्वमा बनेको छ ।

उता सेमबाट प्राप्त जानकारी अनुसार सेममा शिवराज बजगाईको संयोजकत्वमा १५ सदस्यीय कमिटि बनेको छ भने बैतडीमा १५ सदस्यीय हजारी चन्दको संयोजकत्वमा, बझाङमा १५ सदस्यीय जयबहादुर धामीको नेतृत्वमा, डडेलधुरामा १३ सदस्यीय कमिटिको चक्र पार्कीले नेतृत्व गरेका छन् भने डोटीमा कृष्ण श्रेष्ठको संयोजकत्वमा ११ सदस्यीय कमिटि बनेको छ ।

**सबै गाउँपालिका र नगरपालिकामा उम्मेदवारी दिने तयारी**

देजमो, नेपालले स्थानीय तहको निर्वाचनमा देशैभरिका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा उमेदवारी दिने तयारी गरिरहेको छ । जनताबीचमा लोकप्रिय रहेका र स्वच्छ छवि भएका नेताहरूलाई उम्मेदवारको रूपमा उठाउने तयारी मोर्चाले गरेको बुझिएको छ । गाउँपालिका र नगरपालिकाको सिफारिशमा सम्बन्धित जिल्लाले उम्मेदवारको टुंगो लगाउने मोर्चाको निर्णय अनुसार सबै जिल्लाका जारी बैठकहरूले उम्मेदवारको टुंगो लगाउने स्रोतले बतायो ।

**दलीय चुनाव चिन्हका लागि आन्दोलन**

देजमो नेपालले दलीय चुनाव चिन्हसहित स्थानीय तहको निर्वाचनमा भाग लिन पाउनु पर्ने माग राख्दै ६८ दलसँगै आन्दोलन गरिरहेको छ । दल दर्ता, चुनाव चिन्ह र छुटेका मतदाताहरूको मतदाता नामावलीमा नाम समावेशलाई प्रमुख मुद्दा बनाएर मोर्चाले ६८ दलीय आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको छ । पछिल्लो पटक संघीय गठबन्धनले समेत ६८ दलको आन्दोलनलाई समर्थन गरिसकेको छ । यस पृष्ठभूमिमा निर्वाचन पछाडि धकेलिने र मोर्चाका मागहरूको सम्बोधन हुने परिस्थिति बन्दै गएको देखिन्छ । चुनाव पर सरेको खण्डमा जनताबीचमा जाने समय हुने र मोर्चाका नीति तथा कार्यक्रमलाई स्पष्ट पार्दै धेरै भन्दा धेरै जनतालाई मोर्चामा आवद्ध गराउन सकिने विश्लेषण पनि मोर्चाको रहेको स्रोतले बतायो ।





# विभाजित माओवादी आन्दोलन र सर्वहारा क्रान्तिको प्रश्न



◆ दिलिपकुमार श्रेष्ठ 'कोरस'

**विषय प्रवेश**

शान्ति प्रक्रियामा प्रवेश गरेयता आएपछि माओवादी आन्दोलन अहिले दर्जनौं चिरामा विभाजित हुन पुगे को छ । यसका अगुवाहरू यतिखेर कोटेरी चरीले झैं हाँगा-हाँगामा अलग-अलग गुँड लगाइरहेका छन्, कान्ला-कान्लामा पृथक-पृथक भान्सा बसालेर समूह-समूहमा क्रान्तिको भतेर खाइरहेका छन्, थुम्का-थुम्कामा बाँडिएर ठुँगा खेलिरहेका छन्, राजनीति र दर्शनका आ-आफ्ना पिँपिरी बजाइरहेका छन् । यसले गर्दा आन्दोलनमा केही गम्भीर प्रश्न उब्जिएका छन् :

१) क्रान्ति तत्काल सम्भव छ या छैन ? यो पुस्ताले क्रान्तिको सफल नेतृत्व गर्ने सामर्थ्य राख्छ कि राख्दैन ?

२) नेपाली क्रान्तिको सही कार्यदिशा के हो ? कस्तो हुन्छ- क्रान्तिको नेपाली मोडेल ?

आन्दोलनमा उठेका यी र यस्ता-यस्तै प्रश्नहरूको सेरोफेरोमा रहेर यहाँ थोरै छलफल चलाउने जमर्को गरिएको छ ।

**विभाजित माओवादी आन्दोलनको भित्री पानो :**

आन्दोलनमा चिरा पर्‍यो, त्यो चर्चाको एउटा विषय हो । आन्दोलनमा चिरा किन पर्‍यो ? यो हाम्रो छलफलको मूल विषय हुनुपर्छ । यहाँ "बूढा मरे" भन्नेतर्फ भन्दा पनि "काल पल्कियो" भन्नेतर्फ दृष्टि पुर्‍याउन जरूरी छ । केही बूढाहरूले दाँत टोकेका छन्, सेतो आँखा फर्काएका छन् । आन्दोलनमा काल पल्किएको छ, आन्दोलनमा किरा पसेको छ । आन्दोलन चिरा-चिरा पर्नुको एउटै कारण हो- भाइरस अर्थात् किरा ।

विभाजित माओवादी आन्दोलनको बाहिरी गातोमा निश्चय पनि दुनियाँभरका प्रतिक्रियावादीहरूको शेयर छ । यसमा एकसे एक नामूद-नामूद खुफिया एजेन्सीले लगानी गरेका छन् । यस विषयमा पनि प्रशस्त छलफल चलाउन सकिन्छ । तर त्यो सहायक कारण हो । हामी त्यता जान चाहेनौं । हाम्रो छलफलको केन्द्रीय विषयवस्तु यसको बाहिरी खोल नभएर भित्री पन्ना हो । यसका भित्री पानाहरू पनि सबै छर्लङ्ग छन् । जोड-घटाउ, गुणन भाग र जसरी हिसाब गरे पनि यसका भित्री पन्ना भने जम्मा जम्मी दुईटै हुन् ।

१) विश्व सर्वहारा दृष्टिकोण र यसका स्थापित मूल्य-मान्यतालाई ठीक ढङ्गले पक्रेर त्यसलाई जीवन व्यवहारमा लागू गर्ने सवालमा हामीबीच रहेको आन्तरिक अन्तरविरोध वा वैचारिक मतभेद वा सैद्धान्तिक अस्पष्टता ।

२) नेतृत्व तहमा मौलाएको गैरसर्वहारावादी चिन्तन-प्रवृत्ति, अभिजातवर्गीय जीवन शैली, जुँगाको अस्वस्थ्य प्रतिस्पर्धा र सत्ताका लागि मच्चिएको किचलो ।

**आत्म समीक्षाको पाटो :**

हामीले हाम्रो विगत र वर्तमानको अत्यन्त संयमतापूर्वक, गम्भीरतापूर्वक र निर्ममतापूर्वक आत्म-समीक्षा गर्न आवश्यक छ ।

१) हामी हतियार बिसाएर शान्ति प्रकृयामा आउनु ठीक थियो वा बेठीक थियो ? बेठीक थियो भने बेठीक भनेर त्यतिबेलै अडान लिन किन सकेनौं, किन मौन बस्यौं ? ठीक थियो भने यता आएपछि हामी चुकेको केमा र कहाँ हो ?

२) यो आन्दोलनमा हामी चुकेको भनेको सर्वहारा दर्शन, विचार, राजनीतिबाट विचलित भएर व्यक्तिगत स्वार्थमा रमाउन थालेपछि हो । यसमा प्रचण्ड, किरण, वादल, लालध्वज सँगै हामी पनि सबै-सबै आ-आफ्नो ठाउँमा धेरथोर जिम्मेवार छौं । तर त्यसको अपजस लिन भने हामी कोही पनि तयार छैनौं । हामी आन्दोलनको जस आफू एक्लै लिन चाहन्छौं र अपजस जति अर्काको थाप्लोमा हाल्दिन्छौं । हामीलाई अरूमाथि हिलो छ्याप्न पाउँदा आनन्द आउँछ । फेसबुकमा एकजना मित्रले व्यङ्ग्य गरेका रैछन्- "प्रचण्ड सिंह कि मुसा, लेनिन कि ख्रुश्चोभ ?"

प्रचण्ड यतिबेला निकै विवादित छन् । उनीमाथि "आत्मसमर्पण गरेर दुश्मनसँग लम्पसार परेको "भ्रष्टाचार गरेर अरवौं थुपारेको" भने जस्ता थुप्रै संगीन आरोपहरू छन् । उनका व्यक्तिगत जीवन-शैलीउपर पनि अनेकौं प्रश्नहरू उठेका छन् । प्रचण्ड कुन वर्गका प्रतिनिधि हुन् ? प्रचण्डले अँगालेको जीवन शैली सर्वहारा वर्गीय जीवनशैली हो कि अभिजात वर्गीय जीवनशैली हो ? सर्वहारा नेताहरू किन नेपाली काङ्ग्रेसका गणेशमान, कृष्णप्रसाद र गिरिजाप्रसाद लगायत नेताहरूले जतिको सादा जीवनशैली पनि अँगाल्न सक्तैनन् ? समस्या प्रश्न उठाउनेहरूको हो कि प्रश्नमा उठाइएकाहरूको हो ?

मैले "नेत्रविक्रम चन्द ठीक अरू बेठीक" भन्न खोजेको होइन, त्यस्तो अर्थ नलागोस् तर पाँचौं विस्तारित बैठकमा चन्दले "निर्विकल्प भन्ने चीज हुँदैन, हामीले प्रचण्डको विकल्प नै छैन भनेका हैनौं, अहिलेलाई प्रचण्डको विकल्प छैन मात्र भनेका हौं" भनेर प्रचण्डको नेतृत्वमाथि असन्तुष्टि व्यक्त गरिरहँदा हामी "प्रचण्डको विकल्प छैन" नै भनिरहेका थियौं । मोहन वैद्यले भनेका थिए, "यो पार्टी वोल्शेभिक पार्टी भयो । हामी वोल्शेभिक भयौं, अध्यक्ष कमरेड प्रचण्ड नेपाली लेनिन हुनुभो ।"

भनिरहनु परेन, कुनै समय "म प्रचण्डमा विलीन भएँ" भन्ने बाबुराम भट्टराई यतिबेला प्रचण्डको असली सौता ठहरिएका छन् । प्रचण्डका हकमा मोहन वैद्यको मूल्याङ्कन समेत अहिले त्यतिबेला भन्दा ठीक विपरीत छ । अरू त अरु वैद्यका नजरमा समेत प्रचण्ड किन यसरी धमिलिए ? बेलुकी सुत्दा सँगै एउटै सिरानी हालेर सुतेको 'लेनिन' भोलिपल्ट विहान उठ्दा ' ख्रुश्चोभ', यस्तो किन हुन गयो ? हामीले कि त विगतमा नेतृत्वको देवत्वकरण गर्ने गल्ती गरेका थियौं कि त अहिले चरित्र हत्या गरिरहेका छौं ।

३) विचारका क्षेत्रमा, जनयुद्धकालमा एउटा पदावली व्यापक प्रयोगमा थियो- प्रचण्डपथ । प्रचण्डपथ पदावली प्रयोगमा ल्याइयो किन र हटाइयो किन ? प्रचण्डपथ मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने क्रममा नेपाली धरतीमा विकसित विशिष्ट विचार श्रृङ्खला थियो या प्रयोगका लागि प्रयोग गरिएको पदावली ? के हो प्रचण्डपथ ? कतै यो आन्दोलनमा विचारमाथि नै खेलवाड भइरहेको त छैन ? आन्दोलनले विचारको बहस र अन्तरपार्टी सङ्घर्षलाई व्यवस्थित बनाउन किन सकेन ? दुई लाइन सङ्घर्ष र कार्यदिशाको बहसमा अंश मुद्दाको मात्रा कति हो र विचारको मात्रा कति हो ? "प्रचण्डले सही लाइन समाएनन्" भनेर अस्ति मात्रै पार्टी फुटाएका वादलहरू आजै फेरि "प्रचण्डको लाइन नै ठीक" भन्दै एकतामा सामेल हुनुले अन्ततः कुन कुराको संकेत गर्छ ?

४) यो आन्दोलनमा "काम गर्ने कालुहरू"ले "मकै खाने भालु" को नराम्रो सामना गर्नुपर्‍यो । संगठन र सत्ताको चुचुरोमा विचित्र ढङ्गले चैतेहरू हावी हुन पुगे । यसमा के रहस्य लुकेको छ ?

हामीले आन्दोलनमा कुन व्यक्ति कहाँ कुन जिम्मेवारीमा छ भन्ने विषयलाई प्राविधिक विषय भन्ने गर्छौं । तर यसलाई नितान्त प्राविधिक विषय बनाइदिंदा यहाँ गम्भीर भूल हुन पुगेको छ । कति लज्जास्पद छ विषय, हिजो हामी जिल्ला पार्टी सदस्य छँदा हामीले खुट्टा समातेर नाच्न सिकाएका मान्छेहरू विना कुनै योगदान यो वा त्यो व्यक्ति वा समूह विशेषको नजिकको मान्छे भएकै आधारमा पार्टी संगठनको टाकुरामा छन् र जीवनलाई हत्केलामा राखेर अनेकौं दुस्ख-कष्टका साथ दशकौंसम्म आन्दोलनमा होमिएका हामीलाई आज तिनका अगाडि रमिते बनाउन खोजिएको छ । के मान्छेको मूल्याङ्कन "श्रीमानको श्रीमति" अथवा "श्रीमतीको श्रीमान" भएकै आधारमा हुने हो ?

जिल्ला पार्टी सदस्यको जिम्मेवारीमा रहेको कुनै एक अमूक व्यक्ति पार्टी फोरेर यताबाट उता जाँदा केन्द्रीय सदस्य र पार्टी एकताका नाममा उताबाट यता आउँदा पोलिटब्यूरो सदस्यमा बढुवा हुने तर पार्टी, पार्टी र पार्टी भनेर बस्नेहरू जिल्ला पार्टी सदस्य नै रहने हो भने आन्दोलनमा इमानदारीताको के अर्थ हुन्छ ?

५) आन्दोलनले वर्गीय, क्षेत्रीय, जातीय र लिङ्गीय गरी ४ ओटा मुद्दा उठाएको हो । त्यसमा पनि वर्गीय मुद्दा सबैभन्दा मुख्य मुद्दा थियो । आज त्यसलाई किन छायाँमा पारियो ?

६) हामीले भोगिरहेको यो वर्तमान मौसम क्रान्ति हो या प्रतिक्रान्ति हो ? यो आन्दोलन विकासको नयाँ गतिमा छ या विघटित अवस्थामा छ ?

**सर्वहारा क्रान्तिको प्रश्न :**

विचार, नेतृत्व र संगठनको प्रश्न भनेको सिंधै सर्वहारा क्रान्तिसँग गाँसिएको प्रश्न हो । प्रश्न हजार किसिमले हजार पटक गर्न सकिन्छ, गर्नुपर्छ । तर एउटा सच्चा क्रान्तिकारीले प्रश्न गरेर मात्र फुर्सद पाउँदैन, एक-एक प्रश्नको हल पनि दिन सक्नुपर्छ ।

यहाँ हामीले जवाफ दिनुपर्ने टडकारो एउटा प्रश्न छ- कार्यदिशाको प्रश्नलाई हल गरेर क्रान्तिमा जाने या क्रान्तिमा गएर कार्यदिशाको बहसलाई टुङ्गो लगाउने ?

लेनिनले कार्यदिशाको बहसलाई "एउटा वा दुईटा क्रान्तिले नटुङ्गिने बहस"भन्नुभएको छ । यसको अर्थ कार्यदिशाको बहस नगर्ने भन्ने पनि होइन, कार्यदिशाको बहसलाई सम्पूर्ण रूपले छिनोफानो गरेर मात्रै क्रान्तिमा जाने भन्ने पनि होइन । यसको अर्थ क्रान्ति र बहसलाई सँगसँगै लैजाने भन्ने हो ।

नयाँ जनवादी क्रान्तिको मोडेल कि समाजवादी क्रान्तिको मोडेल भन्ने बहस वर्तमान माओवादी आन्दोलनको प्रमुख बहस हो । प्रचण्डको दिमागमा क्रान्ति छ कि प्रतिक्रान्ति त्यो उनै जानुन् तर उनले एउटा तर्क चाहिं अघि सारेका छन्- राजतन्त्रको समाप्तिसँगै नेपाली समाज पुँजीवादी युगमा प्रवेश गरेको छ । र, यहाँ हुने क्रान्ति समाजवादी मोडेलको हो । यसमा वैद्य समूह र विप्लव समूह सहमत छैनन् । उनीहरूको अडान छ : "राष्ट्रिय पुँजीको विकास भैनसकेको र साम्राज्यवादी हस्तक्षेप झनझन तीव्र बन्दै गइरहेको यो अवस्थामा समाजवादी क्रान्ति भन्नु भनेको जनताका आँखामा छारो हाल्ने कामबाहेक केही होइन" । यो बहस निकै गम्भीर बहस हो, यसलाई बहसका लागि होइन क्रान्तिकारी लागि चलाइनुपर्छ । हाम्रा अघि दुईटा बाटा मात्रै छन् -चुनावी बाटो र सशस्त्र क्रान्तिको बाटो ।

चुनावले आन्दोलनलाई के दियो भन्ने कुराको व्याख्या गरिरहुनुपर्ने आवश्यकता म देख्दिनँ । चुनावबाट सत्ता परिवर्तन गर्ने हाम्रो अदम्य साहस वा कसरत सबैले देखिसकेका छन् । चुनाव जितेर सरकारको प्रधानमन्त्री बनेका हामी माओवादीहरू पशुपतिनाथको एउटा पुजारी बदल्नसमेत नसक्दा रैछौं । सत्य यही हो ।

मेरो आफ्नो निश्कर्षमा क्रान्तिको विकल्प छैन । क्रान्तिकारीहरू एकजूट हुनुको कुनै विकल्प छैन । फुटेर क्रान्ति हुँदैन । सत्ता र पैसाको मोहमा निथ्रुक्क भिजेका मुसाहरूले क्रान्तिको नेतृत्व गर्लान् भनेर सोंच्नु भने बेकार छ । क्रान्तिको नेतृत्व क्रान्तिकारी युवा पुस्ताले लिनुपर्छ ।


## नव वर्ष २०७४ को

### उपलक्ष्यमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**क. लक्ष्मीकान्त पौडेल**
केन्द्रीय सदस्य, नेकपा (क्रान्तिकारी माओवादी)

**क. भुल बहादुर सुनारी**
केन्द्रीय सल्लाहकार एवं जिल्ला सचिव
नेकपा (क्रान्तिकारी माओवादी) रूपन्देही ।

**क.निमकला पुन**
केन्द्रीय सदस्य अखिल नेपाल महिला संघ (क्रान्तिकारी)

**क. केजी कुमार पौडेल**
अध्यक्ष- देशभक्त जनगणतान्त्रिक मोर्चा, जिल्ला समिति, रूपन्देही ।

**क. खुमानन्द भुसाल**
केन्द्रीय सल्लहकार, नेकपा (क्रान्तिकारी माओवादी)

**क. विनोद मरासीनी**
इन्चार्ज-बुटवल उपमहानगर नगर समिति
नेकपा (क्रान्तिकारी माओवादी) रूपन्देही ।

**क. किरण जि. सी.**
इन्चार्ज- क्षेत्र नं. ३ नेकपा (क्रान्तिकारी माओवादी) रूपन्देही ।

**क. राजु भुजेल**
संयोजक- अवधराज्य संयोजन समिति
क्रान्तिकारी ट्रेड युनियन महासंघ ।

**क. ऋषिराम लामीछाने**
इन्चार्ज- देवदह नगर समिति
नेकपा (क्रान्तिकारी माओवादी) रूपन्देही ।

**क. आर. पी. शर्मा**
इन्चार्ज रूपन्देही क्षेत्र नं. २,
नेकपा (क्रान्तिकारी माओवादी) ।

**क. श्रीचन्द**
सचिव सिद्धार्थनगर नगर समिति,
नेकपा (क्रान्तिकारी माओवादी) । भैरहवा ।

**क. गिर बहादुर थापा**
सचिव, रूपन्देही क्षेत्र नं. ५
नेकपा (क्रान्तिकारी माओवादी) ।

**क. टिपु सुल्तान**
इन्चार्ज- रूपन्देही क्षेत्र नं. ६
नेकपा (क्रान्तिकारी माओवादी) ।

**क. चिरञ्जीवि काँले**
सदस्य, नेकपा (क्रान्तिकारी माओवादी) अवधराज्य समिति ।

**क. ढकप्रसाद चापागाई**
सदस्य, नेकपा (क्रान्तिकारी माओवादी) अवधराज्य समिति ।

**क. बालकृष्ण भुसाल**
सदस्य, नेकपा (क्रान्तिकारी माओवादी) अवधराज्य समिति ।

**क. एकदेव पौडेल**
सचिव सैनामैना नगर समिति नेकपा (क्रान्तिकारी माओवादी)

**क. शेर बहादुर वि. क.**
सदस्य, नेकपा (क्रान्तिकारी माओवादी), रूपन्देही

**क. दिपा सिटौला**
सदस्य, नेकपा (क्रान्तिकारी माओवादी), रूपन्देही

**क. शंकर के सी**
अध्यक्ष, क्रान्तिकारी युवा लिग, रूपन्देही

**क. बुद्धि बहादुर गुरुङ**
संयोजक, क्रान्तिकारी ट्रेड युनियन महासंघ, रूपन्देही

**क. दर्शन चन्द्र लामिछाने गुरुङ**
सदस्य, क्रान्तिकारी युवा लिग, रूपन्देही

**क. कृष्णकान्त शर्मा (मरासीनी)**
सदस्य, नेकपा (क्रान्तिकारी माओवादी), रूपन्देही

**क. चन्द्र रोका**
सदस्य, नेकपा (क्रान्तिकारी माओवादी), रूपन्देही

**क. दल बहादुर छन्त्याल**
अध्यक्ष, नेपाल आदिवासी जनजाति महासंघ, रूपन्देही

**क. शेर बहादुर पुन**
सदस्य, नेकपा (क्रान्तिकारी माओवादी), रूपन्देही

**क. संसोधिन मिया**
सदस्य, क्रान्तिकारी युवा लिग, रूपन्देही

**क. मोजिव अलि**
इन्चार्ज, सि. न. पा.
सदस्य, नेकपा (क्रान्तिकारी माओवादी), रूपन्देही

**क. गोरी थापा**
सदस्य, नेकपा (क्रान्तिकारी माओवादी), रूपन्देही

**क. चित्र बहादुर जि. सी.**
सदस्य, नेकपा (क्रान्तिकारी माओवादी), रूपन्देही

**क. विष्णु आर्चाय**
सदस्य, नेकपा (क्रान्तिकारी माओवादी), रूपन्देही

**क. शेर बहादुर राना**
सदस्य, नेकपा (क्रान्तिकारी माओवादी), रूपन्देही

**क. जित बहादुर क्षेत्री**
सदस्य, नेकपा (क्रान्तिकारी माओवादी), रूपन्देही

**क. कमला आचार्य**
सदस्य, नेकपा (क्रान्तिकारी माओवादी), रूपन्देही

**क. गोरख रोका**
सदस्य, नेकपा (क्रान्तिकारी माओवादी) रूपन्देही

**क. विर बहादुर गुरुङ**
इन्र्चाज, रूपन्देही क्षेत्र नं. १, नेकपा (क्रान्तिकारी माओवादी)

**क. मान बहादुर कुँवर**

## देजमोको उपमहानगर कमिटी गठन

तुलसीपुर/ बैशाख १ गते शुक्रबार घोराही उपमहानगर-३, बेलुवामा आयोजित भेलाले पदमप्रसाद अधिकारीको संयोजकत्वमा नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको घोराही उपमहानगर स्तरीय एरिया कमिटी गठन गरेको छ ।

भेलालाई पार्टीका केन्द्रीय सदस्य हिरामणि दुःखी, केन्द्रीय सल्लाहकार माधव खनाल, देजमोका केन्द्रीय सदस्य तथा जिल्ला संयोजक यमबहादुर शाह, पार्टीका जिल्ला सेक्रेटी अमर पोखरेल, मधुसुदन वैद्य, देजमो जिल्ला सचिव ईशीप्रसाद गैरे लगायतले सम्वोधन गरेका थिए ।

भेलामा बोल्ने वक्ताहरूले आसन्न स्थानीय निर्वाचनमा मोर्चाले प्रतिगामी संविधानको खारेज गरि जनगणतान्त्रिक संविधान निर्माणका लागि उपयोग गर्नुपर्ने कुरा बताए । चुनाव उपयोगको औचित्य बारे स्पष्ट गर्दै संसदीय व्यवस्थाको भण्डाफोर र जनवादी क्रान्तिको तयारीका लागि अरु पार्टी भन्दा आफूहरू फरक ढंगले चुनावमा जान चाहेको बताए ।

भेलाले ७ सदस्य पछि थप गर्ने गरि २५ सदस्यिय कमिटी गठन गरेको छ । सदस्यहरूमा राजेश्वर चौधरी, सरिता चौधरी, ढुण्डिराज ओली, शन्ति चौधरी, बेदबहादुर नेपाली, शुष्मा चौधरी, विमला पोखरेल, जुठे घर्ती, हुके भण्डारी, दामोदर घर्ती ऋषिराम शर्मा, द्रोपति चौधरी, माधव पौडेल, तीर्थ पौडेल र धनिलाल चौधरी रहेको कुरा मोर्चाका जिल्ला सचिव ईश्वरीप्रसाद गैरेले बताउनु भएको छ । नयाँ वर्ष आरम्भका दिन सम्पन्न भेलामा शुभकामना आदान प्रदान पनि गरिएको थियो ।

## नवलपरासीमा देजमोको 'एक टोल एक संगठन अभियान'

● रवि पाण्डे । नवलपरासी

देशभक्त जनगणतान्त्रिक मोर्चा बर्दघाट नगर समितिको एक टोल एक संगठन अभियानअन्तरगत वडा नम्बर ४ हरियाली नगरमा बिहीवार भएको भेलाले रमेश तिवारीकोसंयोजकत्वमा १५ सदस्सीय टोल समिति चयन गरेको छ । देजमो टोल समितिको सदस्यहरूमा रामप्रसाद अर्गेजा मगर, पदम बहादुर कार्की, बिजय रायमाझी, अम्बिका घिमिरे, बिनिता पोखरेल सकुन्तला खनाल आनन्द सुवेदी लगायत चयन भएका छन् । भेलाले राष्ट्रियता जनतन्त्र र जनजीविकाको पक्षमा संर्घष गर्दै बिकृति बिसंगतिको भण्डाफोर समेत गर्ने निर्णय गरेको छ ।

भेलामा बोल्दै देजमो नवलपरासीका उपाध्यक्ष एंव परासी क्षेत्रीय संयोजक चुडामणि भण्डारीले राष्ट्रवादी तथा जनवादी शक्तिहरूलाई संगठित गर्न आफुहरू लागि परेको बताए । भेलामा देजमो सचिव रवि पाण्डे जिल्ला सदस्य छबिलाल खरेल रामचन्द्र पोखरेल नगर अध्यक्ष राजु प्रसाद खनाल नगरसदस्यहरू प्रेम पोखरेल बिष्णु पोखरेल लगायतको सहभागिता रहेको थियो ।

## मजदुर दिवस मनाउन महासंघको तयारी समिति

काठमाडौं । बैशाख १८ मा पर्ने अन्तराष्ट्रिय मजदुर दिवसलाई भव्य रूपमा मनाउन नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघले तयारी समिति बनाएको छ । १२८ औ अन्तराष्ट्रिय मइ दिवस (मजदुर दिवस) भव्य रूपले सफल बनाउन महासंघका संयोजक इश्वर तिमिल्सिनाको संयोजकत्वमा १५१ सदस्यीय तयारी समिति बनाएको छ ।

तयारी समितिमाका सदस्यहरूमा फुर्नाम्गेल मोक्तान, मोहनसिंह तामाङ (किरात/मिथिला), बद्री चापागाईं, रामबहादुर बस्नेत, ठमानसिंह तामाङ, ठाकुर तिमल्सिना, मोहन पहाडी, रामप्रसाद पौडेल (कोचिला), कृष्ण कँडेल (तमुवान), केशव सुवेदी, राजु भूजेल (अवध), नरेन्द्र बन्जाडे (पश्चिम दाङ), छोटेलाल पटेल (भोजपुरा), कविन्द्र मोक्तान (यातायात), कुमार घतानी (अटो), महेश्वरप्रसाद चौधरी, विदुर चौलागाईं, देवी गौली, अर्जुनलाल श्रेष्ठ, तेज गुरुङ, उद्धब गुरुङ, दिनेश बर्तौला, राम विन, गोविन्द रिजाल, सन्तोष वास्टाकोटी, रामशरण कार्की, अशोक शर्मा, भीम काफ्ले (झापा), महेन्द्र श्रेष्ठ (अटो रिक्सा), बालकृष्ण बुढाथोकी (झापा) लगायत रहेका छन् ।

दिवसलाई भव्य रूपमा मनाउन यस तयारी समितिले पर्चा बनाउने, पम्प्लेट बनाउने, नारा बनाउने आदि काम गर्ने महासंघका संयोजक तिमिल्सिनाले बताए । महासंघले उपत्यका लगायत मुलुकमा प्रमुख औद्योगिक सहरहरूमा विकेन्द्रित रूपमा मई दिवस मनाउने तयारी गरेको छ । नेपालका क्रान्तिकारी मजदुरहरूले प्रत्येक वर्ष मे डेका दिन अन्तराष्ट्रिय मजदुर दिवस मनाउँदै आएका छन् ।

# देजमो ताप्लेजुङको अध्यक्षमा गणेश पोमू निर्वाचित



ताप्लेजुङ । बैशाख २ गते ताप्लेजुङ्ग जिल्लाको सदरमुकाम फुङलिङ्ग बजारमा देजमोको प्रथम ऐतिहासिक भेला सम्पन्न भएको छ । भेलाले गणेश पोमूलाई मोर्चाको जिल्लामा निर्वाचित गरेको छ । गणेश पोमूको सभापतित्वमा भएको भेलाले उपाध्यक्षमा मनि राई, सचिवमा विरहाङ श्रेङचङवाङ र कोषाध्यक्षमा मञ्जु राईलाई निर्वाचित गरेको छ । उत्तम प्रसाद राईले संचालन गरेको भेलाले जिल्ला सदस्यहरूमा तेज कुमार विस्ट, सोनी पालुङवा, मान प्रसाद थेम्बु, युनिसा लिवाङ्ग, लिलता श्रेङचङवाङ्ग, बचत कुमारी वनेम, सबिन लिम्बु, सन्तोष श्रेङचङवाङ्ग, डम्बर श्रेङचङवाङ्ग, तुलसी बास्कोटा, डिकेन्द्र श्रेङचङवाङ्ग, राम प्रसाद पौडेल, टासी शेर्पा लगायत चुनिएका छन् ।

पार्टीका केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज के.वि.फुदोङ्ग प्रमुख आतिथ्यता र पार्टीका केस तथा बेलाय राज्यका इन्चार्ज तथा विगेसो सभापति पदम सुन्दर लिम्बूको विशेष आतिथ्यता रहेको उक्त भेलामा पार्टी राज्य समिति सदस्य तथा विगेसो महासचिव छिरिङ्ग शेर्पा लगायतका नेताहरूको उपस्थिति रहेको थियो । विरहाङ्ग चोङबाङ्गले स्वागत मन्तव्य राखेको भेलामा प्रमुख अतिथि फुदोङ, विशेष अतिथि लिम्बूले देजमोको निति कार्यक्रमको बिगेसोले पूर्ण रूपमा समर्थन गर्ने र नेपालको हरेक खाले उत्पीडनको विरुद्धमा काँधमा काँधमा मिलाएर अघि बढ्ने प्रतिवद्धता जनाएका थिए ।

भेलोले संगठन विस्तार गर्ने, मोर्चाको कार्यालय स्थापना गर्ने, स्थानिय निर्वाचनको उपायोगका निम्ति उम्मेदवारहरूको छनौट गर्ने, भ्रष्टाचार कालाबजारी, घुसखोरी लगायत विकृति विसंगतिका विरुद्ध संघर्ष गर्ने, जातिय क्षेत्रिय लिङ्गीय , बर्गीय उत्पीडन विरुद्ध संघर्ष गर्ने र पहिचान सहितको संघीय राज्य स्थापनाका लागि संघर्ष गर्ने लगायतका निर्णय गरेको भेला पश्चात नव निर्वाचित मोर्चाका जिल्ला अध्यक्ष गणेश पोमूद्वारा आइतबार जारी वक्तव्यमा उल्लेख गरिएको छ ।

# देजमो रौतहट संयोजकमा खड्ग साह

रौतहट । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल रौतहटको एक भेलाले खड्ग साहको संयोजकत्वमा मोर्चाको जिल्ला समिति गठन गरेको छ । भेलाले मोर्चाको जिल्ला सहसंयोजकमा भूवनप्रसाद चौलागाईं र सचिवमा नन्दकिशोर रामलाई चयन गरेको छ । पार्टीका केन्द्रीय कार्यालय सदस्य रामसिंह श्रीस र जिल्लाका पार्टी नेताहरूको उपस्थितिमा भएको भेलाले मोर्चाका जिल्ला सदस्यहरूका उपेन्द्र साह र रामबाबु यादव रहेका छन् ।

### देजमो पर्साको संयोजकमा अमरेन्द्र आनन्द

काठमाडौं । २८ चैत्रमा भएको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल पर्साको एक भेलाले अमरेन्द्र आनन्दलाई जिल्ला संयोजकमा चयन गरेको छ । भेलाले सदस्यहरूमा ममताज अनसारी, शेरबहादुर पासवान, सुदामा सिंह क्षेत्री, अनिल यादवलाई चयन गरेको छ । भेलामा पार्टीका केन्द्रीय कार्यालय सदस्य रामसिंह श्रीस, पार्टीका केन्द्रीय सदस्य तथा भोजपुरा इन्चार्ज रामआश्रय रामलगायत नेताहरूको उपस्थिति रहेको थियो

## सामाजिक सञ्जाल



*जेल बालकृष्ण ढुंगेललाई होइन, प्रचण्डलाई हाल्नुपर्छ । नेपाली जनताका सिपाहीले होइन, गद्दारले जाने हो । प्रचण्डले गरेको गद्दारीले अरू जेल जाने भन्ने हुदैन ।*– ***केशरमणि कटुवाल***



*प्रतिक्रान्तिको बेला दक्षिणपन्थी अवसरवाद हावीहुनु र क्रान्तिकारीहरू क्षनिक ओझेलमा पर्नु अनौठो होईन !* – ***खगेन्द्र छन्त्याल***



*मुलुकलाई यथास्थिति ,पराधिन र पराश्रीत अबस्थामा राखेर उन्नती प्रगतिको स्वैर कल्पना र सपनाको कारोबार गर्दै आइरहेका संसदिय शक्तिहरूका लागि लागि चुनाब जीवन-मरणको सबाल हो ।*

*लगानी गरेर नाफा असुल्ने कारोबारी 'राजनितीक कार्यकर्ता'हरूका लागि चुनाब हस्तिनापुरको राज या चपरीमुनिको बास को निम्ति गरिने 'आटिहरूको' जुवा हो ।*

*क्रान्तिकारी हरूका लागि चुनाब आफ्ना एजेन्डा प्रचार गर्ने सामान्य मन्च हो, जनतालाई सुसूचित गर्ने अबसर हो अनि केवल तत्कालिन र सामान्य कार्यनीतिक प्रश्न हो !* – ***ईश्वर तिमिल्सिना***



*तिमीले जनयुद्धको लाइन छाडेपनि जनयुद्धले तिमीलाई आजीवन छाड्ने छैन । हेर बालकृष्ण ढुंगेललाई हेर ! बालकृष्ण ढुंगेल हुन/बनाइनबाट तिमी बँच्न सक्छौं ? विशेषगरी संसदवादी माओवादीहरूले बुझ्नुपर्ने/महसुस गर्नुपर्ने कुरो ।* – ***ईन्द्र रावत***



*आजको राजनीतिमा मूल्य विघटनको प्रमुख कारण आम नेतृत्व र कार्यकर्ता पंक्तिमा देखिएको बैचारिक दुराचार नै हो। राजनितिमा वैचारिक एकनिष्ठता र त्यस प्रतिको इमानदारीताको कुनै बिकल्प हुन सक्दैन। बरु त्यो कुनै ब्यक्ति या समूह विशेष प्रति नभएर क्रान्तिकारी नीति र कार्यक्रम प्रतिको एकनिष्ठता हुनु पर्छ ।*– ***सुरेश गौतम***


**नव वर्ष २०७४ को**

**पावन अवसरमा प्राविधिक तथा व्यावसायिक शिक्षामा आबद्ध सम्पूर्ण विद्यार्थी, शिक्षक, कर्मचारीहरूलगायत अभिभावकज्यूहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

निर्देशक
एवं
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
**मध्यक्षेत्र क्षेत्रीय कार्यालय, परिवार**
भरतपुर, चितवन ।



**BINDABASINI DHATU UDHYOG**

Proprieter: Manish Pangeni
Cell: +9779857045111
Marketing Officer: Sachin Pangeni
Cell: +9779857057296
Devdaha-4, Bijayapur, Rupendehi, Nepal
email: metalbindabasini@gmail.com

*Remember us for : Aluminium Handle, Towerbolt, Hinges, Aldrops, Door Stopper, Gate Hook etc. And Other different types and sizes of Alumnium Door Fittings Items.*



"Let us use domestic goods, let us encourage domestic producers."



**नव वर्ष २०७४ को**

**उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

**सुन्दर श्रेष्ठ**
सुन्दर बडी बिल्डर्स, सुर्यविनायक न पा ८, जगाती, भक्तपुर तथा जिल्ला सदस्य नेकपा (क्रान्तिकारी माओवादी), भक्तपुर

**कृष्णभक्त बोडे**
भक्तपुर

**कृष्णप्रसाद घेमोसु**
अध्यक्ष,
नेवाः राष्ट्रिय मुक्ति मोर्चा, भक्तपुर
जिल्ला सदस्य
नेकपा (क्रान्तिकारी माओवादी), भक्तपुर



**नव वर्ष २०७४ को**

**उपलक्ष्यमा हाम्रा सम्पूर्ण यात्रु महानुभावहरू एवं नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

ज्ञानेन्द्र महर्जन
अध्यक्ष
**भक्तपुर मिनिबस सेवा समिति परिवार**
भक्तपुर

# माकुरो र झिंगा

कथा ❑ विल्हेल्म लिब्नेष्ट

**हामी सबका सब गरीब तथा साधारण मानिसहरू, अनादिकालदेखि बलिवेदीका खुड्किलाहरूमा काँप्ने गरेका हामीहरू, पुरेतहरूको सरापसामु टाउको निहुर्‍याउने भएका हामीहरू, पुरेतहरूको इज्जत तथा मनोरञ्जनको लागि आपसमा लड्ने र दबाउने गरेका हामीहरू, आफ्नो पिठ्यूँ निहुर्‍याउने र घुँडा टेक्ने गरेका हामीहरू, आफ्ना उत्पीडकहरूको अन्यायद्वारा फल चाख्न दिइराखेका हामीहरू सब झिंगा हौं, किनभने हामी हामीलाई शिथिल पार्ने रामबाण सिद्ध भएका धार्मिक शिक्षा-दिक्षाद्वारा मानसिकरूपमा शक्तिहीन तुल्याइएका छौं । माकुराहरू कपटी तथा कटाक्षपूर्ण आँखा भएका ती काला वस्त्रधारी पुरेतहरू हुन् । जसले आफ्नो कपटपूर्ण शिक्षा-दीक्षाद्वारा इमान्दारहरूको चोखो दीललाई पाशोमा पार्दछन् र आज्ञाकारिता र दासत्वको भावनालाई प्रोत्साहन दिन्छन्, जसले आत्मालाई विषाक्त पार्छन् र पोलैण्डमा झैं सारा जातिहरूलाई ढुस्कुट पार्दछन् ।**

शरीरभरि झुसलाग्ने रौं भएको त्यस भूँडीवाल प्राणीसित तपाईंहरू सबै परिचित हुनुहुन्छ, जो दिनको प्रकाशबाट सकभर टाढा अँध्यारो कुनामा पसेर आफ्नो हत्यारा जालो बुनिरहन्छ र निर्दोष वा सरल स्वभावको झिंगा त्यस जालोमा परेर नाश हुन्छ । यस कुरूपी दानवका बाटुला, घाँसे रंगका आँखाहरू छन् र यसका लामा खुट्टाहरू अघिल्तिर बांगिएका छन् र ती आफ्नो शिकारलाई समात्न तथा घाँटी निमोठेर मार्न ज्यादै सशक्त छन्, यो दानव माकुरो हो ।

आफ्नो राज्य-क्षेत्रभित्र शिकारको प्रतीक्षामा यो कति निर्धक्क तथा अचल भएर आफ्नो वासस्थानमा ढुकीरहन्छ हेर्नुहोस्, निर्दयितापूर्वक निर्धो झिंगालाई पाशोमा पार्न प्राणनाशक मसिनो जालोलाई फैलाउने यसको राक्षसी दक्षतातर्फ ध्यान दिनोस् । कुनै पनि हालतमा शिकार उम्कन नपाओस् भनेर यस धूर्त प्राणीले कलाका सबै नियमहरू मुताविक आफ्नो जालोलाई परिपूर्ण बनाउन औंधीभन्दा औंधी समय खर्च गर्छ । एउटा, दुईटा, तीनवटा गर्दै एवं रीतले यसले धागो फ्याँक्दै जान्छ । यसले धागाहरू एक अर्कोमाथि तेर्स्याउँदै त्यसलाई अरु धागाहरूमा अल्झाएर जोड्छ, जसले गर्दा आफ्ना शिकारहरूद्वारा मरण-पीडावश गरिने चेष्टाले पनि त्यो भत्किन नपाओस्, नोक्सानसम्म पनि हुन नपाओस् ।

आखिरमा जाल तयार हुन्छ, खोर थापिन्छ, यसबाट बच्न मुश्किलले मात्र सम्भव हुन्छ-माकुरो आफ्नो वासस्थानमा फर्कन्छ र कुनै भोकाकुल झिंगा खानाको खोजमा उडेर नआउन्जेल ढुकेर बस्छ ।

यसलाई लामो समय पर्खनु पर्ने हुँदैन, चाँडै नै झिंगा आइपुग्छ । चाराको खोजमा उड्दै विचरो प्राणी अन्त्यमा फैलाइराखेको जालोमा ठक्कर खान पुग्छ, ती धागाहरूमा निःसहायपूर्वक अल्झिन्छ, आधार भेट्टाउन हरसंभव कोशिस गर्छ र हार खान्छ ।

शिकार जालमा परेको देख्नेवित्तिकै माकुरो आफ्नो वासस्थानबाट लुसुक्क निस्केर रक्तपिपासु आकृति र काँढावाल नंग्राहरू फिजाउँदै आफ्नो शिकारतिर ताक्दै बढ्छ-हतार गर्नुपर्ने खाँचो छैन, किनभने त्यस भयानक प्राणीलाई कुन कुरा राम्ररी थाहा छ भने त्यो अभागी किरा एकपल्ट समातिएपछि उम्कन सक्दैन । शिकारमाथि फैलिएका, समुद्रझै हरिया आँखाहरू तेर्स्याउँदै र उसलाई तर्क गर्ने अधिकारसम्म नदिई उसतिर आफ्ना दानवी पाइला चाल्छ । भयानक खतरा आइलागेको देखेर झिंगाको सारा शरीर सिरिङ्ग काँप्दछ, हतासले गुटमुट्याइराखेका धागाहरूबाट आफूलाई उम्काउन जुक्ति गर्छ, भरसक भाग्न खोज्छ र नैराश्यपूर्ण कोशिसमा आफ्नो भएभरको तागत सिध्याउँछ ।

यी वेफ्वाकका चेष्टाहरू हुन् । जालले त्यसलाई झन्झन् कसिने गरी गुटमुट्याउँछ र माकुरो नजिक आउँछ । जुन जालका मसिना तर प्रभावकारी प्वालहरूमा आफू फसेको छ, त्यसबाट उम्कन झिंगाले जतिजति कोशिश गर्छ, त्यति नै धागाहरूले झन् त्यसलाई बेर्छन्, नयाँ पाशोहरूले त्यसलाई अल्झाउँछन् । आखिरमा स्वाँस्वाँ फ्वाँफ्वाँ गर्दै र थकित भई, मुकाविला गर्ने तागत सिध्याएर आफ्ना शत्रु, आफ्ना विजेता त्यस भयानक माकुरोको पञ्जाभित्र पर्छ ।

अब त्यस भयानक दानवले आफ्नो रौंदार पञ्जाहरू फिजाउँछ, आफ्नो शिकारलाई च्याप्प समात्छ र निचोर्छ । अनि त्यसले आफ्नो चित्तवृत्ति र इच्छाअनुसार त्यस निर्धो शिकारको काँप्दो शरीरलाई एक पटक, दुई पटक, तीन पटक गर्दै चुस्न थाल्छ । त्यसले आफ्नो रक्तप्यास केही बेरका लागि तृप्त पारको छ भने त्यो झिंगालाई अधमरो पारी छाडिदिन्छ । अनि फेरि फेरि आएर त्यसले चुस्न थाल्छ र त्यस अभागी झिंगालाई सखाप पारी खाईनसिध्याएसम्म, त्यसमा अलिकति पनि रगत वा पौष्टिक कुरो रहुन्ज्यालसम्म चुस्दै चुस्दै मजा लिन्छ । विचरो किरालाई कहिलेकाही अति कष्टको बावजुद पनि मर्न धेरै लामो समय लाग्छ ।

तर आफ्नो शिकार जिउँदो वा मृत शरीरमा थोपा मात्र जीवनशक्ति बाँकी रहेसम्म पनि त्यस लोभी पिशाचले त्यसलाई छोड्दैन । त्यसले तागत चुस्दै, रगत पिउँदै आफ्नो शिकारको जीवनी–सर्वस्व स्वाहा नपारुञ्जेल निचोर्छ र खङ्ग्रङ्ग पारिसकेपछि मात्र छोडिदिन्छ ।

अनि मरिसकेको, सुक्ने गरी चुसिएको, परालको त्यान्द्रोभन्दा हलुङ्गो भईसकेको विचरा झिंगाको लासलाई पाशोबाट हटाइन्छ । हावाको पहिलो सर्कोले त्यसलाई उडाएर लैजान्छ र खेल खत्तम हुन्छ ।

तर, तृप्त र संतुष्ट भएर, आफूसित र सारा संसारसित संतुष्ट भएर माकुरो आफ्नो वासस्थानमा फर्कन्छ । त्यसले के विचार गर्छ भने आजकल पनि इमान्दार मानिसहरूको काम राम्ररी नै चल्न सक्छ ।

निचोर्दै निचोर्दै र चुस्दै चुस्दै खङ्ग्रङ्ग पारिएको, आफ्नो रगतले अरुलाई पोस्याउने यो झिंगा सहर र गाउँका तपाईं सर्वहारा हुनुहुन्छ। तपाईं दास बनाइएका जातिहरू, तपाईं बौद्धिक मजदुरहरू, तपाईंऔंद्योगिक मजदुरहरू र आफ्नो हक माग्न हिम्मत नगर्ने, थरर काँप्ने तपाईं तरुणीरु र निर्धा दलित महिलाहरू, फौजका तपाईं अभागी सिपाहीहरू, छोटकरीमा भन्ने हो भने, सुक्ने गरी चुसिनेवित्तिकै फालिएका तपाईं गरीब शोषित जनता, सबै चीजका उत्पादक तथा देशको मुटु-मस्तिष्क तथा जीवन-शक्ति बनेका तपाईंहरू, राम्ररी व्यवहार गर्ने र कुनै कुनामा दुःखपूर्वक चालै नपाउने गरी नष्ट हुने हक बाहेक अरु सबैबाट अलग्याइएका तपाईंहरू सब झिंगा हुनुहुन्छ । अर्कोतिर तपाईंहरूको रगत, पसिना, परिश्रम, तपाईंहरूको विचार र तपाईं निमुखाहरूको जीवनै चुसेर बलिया बनेका र बोसो लागेका तपाईंहरूका मालिक तथा उत्पीडकहरू सब घिनलाग्दा माकुरा हुन् ।

मालिकहरू, सम्पन्नशालीहरू, थैलीशाहहरू, शोषकहरू, फाटकाबाजहरू, पुँजीपतिहरू, बहकाउनेहरू, उच्च पुरेतहरू। सबै किसिमका परजीविहरू, हामीलाई दुःख मात्र दिने स्वेच्छाचारी सत्ता, हाम्रो गर्दन थिच्ने भ्रष्ट नियमका निर्माताहरू, हामीलाई दास बनाउने अत्याचारीहरू- यी सबका सब माकुरा हुन्, जो हामीलाई चुसेर, जनतालाई चुसेर बाँच्छन्, जसले हामीलाई पैतालामुनि दबाउँछन्, जो हाम्रो दुःखमा काखी बजाउछन् र हाम्रा प्रयत्नहरूको असफलता देखेर घृणापूर्वक हाँस्छन् ।

झिंगा ती गरीब मजदुर हुन्, जसले आफ्नो मालिकबाट लागू गरिएका सारा क्रूर नियमहरूको सामु आत्मसमर्पण गर्नुपर्छ, किनभने ती अभागीसित आफ्नो साधन केही पनि छैन र आफू र आफ्ना परिवारका लागि उसले खाना जुटाउनु पर्छ । माकुरो त्यो ठूलो कारखाना-मालिक हो, जो आफ्ना मजदुरहरूमध्ये हरेकबाट प्रत्येक दिन ६ देखि ८ मार्क(जर्मन पैसा) सम्मको नाफा कमाउँछ र जो मजदुरलाई दिनको १२ देखि १४ घण्टासम्म काममा जोताएर दुईदेखि तीन मार्कको मुस्किलले खानपुग्ने ज्याला कृपापूर्वक दिने हिम्मत गर्छ, अथवा भनौं, योग्य ठान्छ ।

झिंगा, खानीमा काम गर्ने ती मजदुर हुन्, जसले पृथ्वीको ढुकुटीबाट आफूले भोग्न नपाउने सम्पत्ति निकाल्न खानीको निस्सासिंदो वातावरणमा आफ्नो जीवनलाई होमिदिन्छ, माकुरो त्यो हिस्सेदार (शेयरहोल्डर) हो, जो आफ्नो पुँजीको मूल्य दोब्बर तेब्बर भएको देखेर पनि कहिल्यै सन्तुष्ट हुँदैन र झन् झन् बढी लाभांश गोजीमा हाल्न चाहन्छ, जसले मजदुरहरूले अलि पनि ज्याला बढाउन आवाज उठाउने हिम्मत गरेको खण्डमा 'विद्रोहीहरू'लाई गोली हान्न फौज बोलाउँछ ।

झिंगा ती केटा हुन्, जसले जीवन धान्नको निमित्त ज्यादै कलिलो उमेरमा नै कारखानामा, ज्यासलमा, घरमा आफूलाई घोट्दै खियाउनु पर्छ । माकुरा ती गरिब आमाबाबु होइनन्, जो गरिबीले गर्दा आफ्ना केटाकेटीहरूको जीवन बरबाद पार्न बाध्य हुन्छन्, तर त्यो आजको क्रुर अत्याचारी परिस्थिति हो, जसले कठोरतापूर्वक उनीहरूलाई आफ्नो प्राकृतिक भावनाको विरुद्ध जान र आफ्नो परिवारलाई नष्ट पार्न बाध्य तुल्याउँछ ।

झिंगा जनताका ती निर्दोष छोरी हुन्, जसले इमान्दारीका साथ जीविका कमाउन चाहन्छन्, तर तबसम्म काम पाउन सक्दैनन् जबसम्म तिनले आफ्ना मालिक वा कारखानाका डाइरेक्टरका राक्षसी इच्छाहरूको सामु आत्मसमर्पण गर्दैनन् । अनि उक्त मालिक वा डाइरेक्टरले तिनलाई उपयोग गर्छ र सतीत्व लुटिसकेपछि, कलंक मेट्न निर्दयितापूर्वक तिनलाई निकालिदिन्छ । माकुरो त्यो तन्नेरी मैमत्त गुण्डा, 'घरानी' परिवारको त्यो अल्छी लोफर हो, जो धक नमानी निर्दोष केटीहरूलाई फँसाएर कुबाटोतिर घिसार्दै लानमा उद्यत छ र जो आइमाइहरूको इज्जत बढीभन्दा लुट्न सकेकोमा गर्वले फुल्ने गर्छ ।

धनी भूमिपतिहरूको जग्गा जोत्ने मेहनती जोताहाहरू, आफूले नपाउने अन्न रोप्नेहरू, आफूले स्वाद चाख्न नपाउने फलको खेती गर्नेहरू, यस्ता तपाईंहरू जम्मै झिंगा हुनुहुन्छ । माकुराहरू देहातका ती महानुभावहरू हुन्, जो आफूले वैभव तथा शोखमा आलस्यपूर्ण जीवन विताउनका निम्ति आफ्ना गरीब किसानहरू, आफ्ना ज्यालादारी मजदुर तथा ज्यमीहरूलाई विना आरामले मेहनत गर्न वाध्य पार्छन् र हरेक वर्ष कुत बढाउँछन्, र इमान्दारीपूर्ण कामको मोल घटाउँछन् ।

हामी सबका सब गरीब तथा साधारण मानिसहरू, अनादिकालदेखि बलिवेदीका खुड्किलाहरूमा काँप्ने गरेका हामीहरू, पुरेतहरूको सरापसामु टाउको निहुर्‍याउने भएका हामीहरू, पुरेतहरूको इज्जत तथा मनोरञ्जनको लागि आपसमा लड्ने र दबाउने गरेका हामीहरू, आफ्नो पिठ्यूँ निहुर्‍याउने र घुँडा टेक्ने गरेका हामीहरू, आफ्ना उत्पीडकहरूको अन्यायद्वारा फल चाख्न दिइराखेका हामीहरू सब झिंगा हौं, किनभने हामी हामीलाई शिथिल पार्ने रामबाण सिद्ध भएका धार्मिक शिक्षा-दिक्षाद्वारा मानसिकरूपमा शक्तिहीन तुल्याइएका छौं । माकुराहरू कपटी तथा कटाक्षपूर्ण आँखा भएका ती काला वस्त्रधारी पुरेतहरू हुन् । जसले आफ्नो कपटपूर्ण शिक्षा-दीक्षाद्वारा इमान्दारहरूको चोखो दीललाई पाशोमा पार्दछन् र आज्ञाकारिता र दासत्वको भावनालाई प्रोत्साहन दिन्छन्, जसले आत्मालाई विषाक्त पार्छन् र पोलैण्डमा झैं सारा जातिहरूलाई ढुस्कुट पार्दछन् ।

सारांशमा, दबाइएकाहरू, दास बनाइएकाहरू र शोषितहरू झिंगा हुन् । निर्धिनी फाटकाबाजी, स्वेच्छाचारी सत्ता र सबै यस्तै खालका निरंकुशवादीहरू- ती माकुरा हुन् ।

पहिले पहिले माकुराहरू ठूल-ठूला महल तथा भव्य भवनहरूबाट आफ्ना जालहरू फ्याँक्दथे ।अचेल उनीहरू औद्योगिक जीवनका ठूल-ठूला केन्द्रहरू, हाम्रो युगका भाग्यवानहरूका वैभवपूर्ण घरहरूलाई आफ्नो वासस्थान बनाउन मनपराउँछन् । उनीहरू मुख्य रूपमा औद्योगिक सहरहरूमा पाइन्छन्, तर उनीहरू देहातमा र स-साना देहाती नगरहरूमा पनि बस्छन् । उनीहरू यस्तो कुनै पनि ठाउँमा पाइन्छन्, जहाँ शोषण हुर्कन्छ, जहाँ मजदुर, सर्वहारा, साना कारिगर, ज्यामि,ऋणको भारबोक्ने साना किसानहरू फाटकाबाजहरूद्वारा बिछ्याएको मृगतृष्णाको निर्दयितापूर्वक शिकार बन्न जान्छन् ।

सहरमा होस् या गाउँमा, सर्वत्र हामी निःसहाय किराहरू व्यर्थ आफूलाई खियाउँदै आफ्ना शत्रुहरूको पाशोमा परेको देख्छौं, उनीहरू कसरी दुःख पाउँछन् । कसरी मर्छन् भन्ने कुरा हामी देख्छौं ।

शताब्दीयौंका क्रममा रक्तपिपासु क्रूर माकुराहरूको विरुद्ध निर्धा र काँतर झिंगाहरूको संघर्षमा ज्यादै भयानक दुःखान्त घटनाहरू घटिसके । तर किन फेरि यसको वर्णन गर्ने ? जो बित्यो बित्यो, हामी वर्तमान र भविष्यको कुरा गरौं ।

आज झिंगा र माकुराहरूको माझमा चलिरहेको संघर्षलाई हामी अझै नजिकबाट हेरौं, यस अन्तर्गतका अवस्थाहरूलाई हामी बुझौं, शत्रुहरूको हाम्रो लागि तयार पारेको जालको बनौंटलाई हामी झिंगाहरूले गहिरिएर अध्ययन गरौं, उनीहरूका छलकपटहरूलाई उदाङ्ग पारौं र सबभन्दा मुख्य कुरा के भने, हामीलाई फँसाउने जाल च्यात्चुत पार्ने काम एक्लिएर नहुने हुँदा हामीहरू एकजुट होऔं । हामी आफ्ना सिक्रीहरू चुडाँलौं, आफ्ना शत्रुहरूलाई लुकेको ठाउँबाट धपाऔं र यत्रतत्र सर्वत्र ज्ञानको चहकिलो प्रकाश फिजाऔं, जसले गर्दा भविष्यमा यस पापी दानवले आफ्नो ज्यानमारा बेपार चलाउन नसकोस् ।

ए झिंगाहरू हो ! तपाइँहरूले इच्छा गर्नु भए, तपाईंहरूले इच्छा गर्नु भए, तपाईंहरूले संकल्प मात्र गर्नु भए, तपाईंहरू अजेय बन्नुहुनेछ । साँचो हो, आज माकुराहरू बलिया छन्, तर तिनीहरू मुठ्ठिभर मात्र छन् । तर तपाईंहरू, तपाईं झिंगाहरू बिनामहत्व र विनाप्रभावका भएतापनि तपाईंहरूको संख्या अनगिन्ती छन् । तपाईंहरूले संकल्प मात्र गर्नुहोस्, तपाइँहरू जीवन हुनुहुन्छ, तपाईंहरू संसार हुनुहुन्छ । तपाईंहरू एक हुनुभयो भने तपाईंहरूले आफ्ना पखेटाहरूको एकै सप्काले सारा धागाहरू चुँडाल्नु हुनेछ, ती सारा जालोहरूलाई भताभुङ्ग पार्नु हुनेछ, जसले आज तपाईंहरूलाई कैदी बनाएका छन्, र जसमा परेर तपाईंहरू यति नैराश्यपूर्ण संघर्ष गर्नुहुन्छ र भोकले मर्नु हुन्छ । तपाईंहरूले संकल्प मात्र गर्नु भए सारा दुःख र थिचोमिचो हिजोको चीज बन्नेछ । तसर्थ, संकल्प गर्न सिक्नुहोस् ।

*अनु. कृष्णदास श्रेष्ठ*

## कविता

# जनआन्दोलन-२ सम्झिँदा



❑ श्रीकृष्ण सुलु

shreekrishna.sulu@gmail.com

जनता जागेको त्यो बेला, कहिल्यै नमागेको इतिहासको हिसाब मागेको त्यो बेला,
साँच्चिकै मन-मस्तिष्कबाट दासता भागेको त्यो बेला,
आशा अर्कै थियो, विश्वास अर्कै थियो, सपना अर्कै थियो,
मर्नै परे मरौंला भन्ने जोश थियो, किनभने त्यो उद्देश्य महान् थियो,
महान्, साँच्चिकै महान्, आफ्नै ज्यान भन्दा पनि मूल्यवान् !

शिक्षा, स्वास्थ्य निःशुल्क,
गाँस, बास, कपास र रोजगारीको ग्यारेन्टी,
सबै वर्ग, जाति, क्षेत्र, लिङ्गको मुक्ति,
न्याय, समानता, स्वन्तन्त्रता र उन्नति,
कति सुन्दर र पवित्र थिए ती सपनाहरू,
कति मीठा र महान् थिए,
देश र सन्ततिको उज्जवल भबिष्यका ती कल्पनाहरू,
त्यसैले त रगतको नदी तरेरै भए पनि,
समानता र समुन्नतिको त्यो सुन्दर गाउँ पुग्ने उद्घोष थियो,
मर्नै परे मरौंला भन्ने जोश थियो ।

मानवताको अन्तिम विजयको एक कडी,
'संसार हल्लाउने' '१९ दिने' महान् जन आन्दोलनको योद्धा बन्न पाउँदा,
महासमरको अथक, अबिश्राम र अबिचलित यात्री बनेर,
सदियौंदेखिको अन्याय, अत्याचार र शोषणका बिरुध्द गगनभेदी नारा लगाउँदा
जीवन साँच्चिकै सार्थक भएझैं लागेको थियो,
मान्छे-मान्छेबीचको विभेद अव मेटिन्छ भन्ने आशा जागेको थियो,
बल्ल राजनीति सही भयो भन्ने आभाष मिलेको थियो,
त्यसैले त मर्नै परे मरौंला भन्ने जोश जागेको थियो ।

जनता नेता र नेता जनता बनेको त्यो बेला,
अब त राजनीति, झुठको खेती, आत्मरति र बेइमानहरूको पेसा बन्दैन,
धुर्तहरूको कला र पौरखविहीनहरूको जिउने आधार,
झुठा नारा र आश्वासनको रास वा भ्रमजाल हुँदैन,
'वैधानिक डन' बन्ने माध्यम वा
मानिसको चेतना रोक्ने र दास बनाउने साधन अब राजनीति हुन सक्दैन
भन्ने नयाँ चेतना, नयाँ बिश्वास जुटेको थियो,
यही आलोकमा नयाँ नेपाल बनाउन सिङ्गै देश जुरुक्कै उठेको थियो ।

तर, आज, बन्दुकका गोलीसँग नझुकेकाहरू चास्नी पोतिएको गोलीसँग झुकी दिँदा,
आफ्नै आँटका सन्तानलाई झैं माया गरेर हुर्काएका नेतृत्व घाँस खाइदिंदा,
देश फे रि फोहोरको रसातलमा खसेको छ, पुरानै चंगुलमा फसेको छ,
हिजो उज्यालोको आशामा जनताले जसको हातमा मशाल थमाएका थिए,
उसैले आज जनताको आशा र बिश्वासको बस्तिमा आगो झोसेको छ ।

रगतको मूल्यमा साटिएका सपनाहरू खोसिएको छ,
मुक्तिको कुरा गर्नेहरूबाटै झनू बढी सोसिएको छ,
त्यसैले, जनता फेरि जाग्नै पर्ने भएको छ,
इतिहासको हिसाब माग्नै पर्ने भएको छ,
फेरि एक पटक मान्छे पराधिन र दास मानसिकताबाट मुक्त
साच्चिकैको मान्छे भएर देखाउनै पर्ने भएको छ,
नयाँ आशा, नयाँ विश्वास, नयाँ सपना जगाउनु पर्ने भएको छ,
जथा राजा तथा प्रजा होइन,
अब जथा जनता तथा नेता बनाउनु छ,

'तिमीले इँटाले हिर्काए उसले पत्थरले हिर्काउनेछ,
तिमीले लठिले पिटेर पठाए उ बन्दुक लिएर फर्किनेछ'
जनता भनेको यस्तै हुन्छ भनेर,
फेरि एक चोटि देखाउनु छ,
'राजा' 'प्रजा' हुन नजान्दा, 'प्रजा' 'राजा' हुन्छन्,
सपनाको हत्यासँगै शहिद फर्केर आउन्छन्,
आन्दोलन भनेकै यही हो, भन्ने पाठ सिकाउनु छ,
फेरि एक पटक परिवर्तनको हुरी चलाउनु छ,
मानवताको कडी जोड्नु छ,
समतामुलक र समुन्नत नयाँ नेपाल बनाउनु छ ।

# म बालकृष्ण ढुंगेल



❑ सुरेश गौतम

आफ्नै सेनापति द्वारा कैद हुनुपर्ने
मेरो सुप्रीम कमाण्डरको अति प्रिय लालसैनिक
म बालकृष्ण ढुङ्गेल ।
जसको आदेशमा मैले घनघोर युद्ध लडें
कयौं मोर्चा जितें कयौं मोर्चा हारें
जेल र नेल बेहोरें,
प्रतिक्रियावादी सत्ताले वलात्कारी र दुराचारी करार गरेका
अपराधिहरूको लात्ती र भकुण्डो खाएर
कालकोठरीमा वर्षौं गुजारें
कमरेड, मलाई चिन्नु हुन्छ ?
म बालकृष्ण ढुङ्गेल

तिनका यातना गृहमा
निर्मम यातनाद्वारा प्रताडित भएर
बारमबार मर्दैरबाच्दै
अन्ततस् जिर्ण भएको
आफ्नै शरिरको भारी बोकेर
२/४ दिन खुला आकाश मुनि छोडिएको
म त्यहि हजुरको अब्बल रातो सैनिक।

मेरा कति हिसाब किताब त्यतिकै छ्न
अधुरै/अपुरै, लिनु मेरो पनि कम्ती थिएन, तिनीहरूसँग
मैले को संग मागौ ?
हिजो अरुको ठाउमा आज हजुर हुनुहुन्छ
उनिहरू हजुरलाई देखाउँछन्
हजुर अरुलाई देखाउनु हुन्छ
अनि भन्नू हुन्छ भो छोडिदेऊ ।
कयौं साल छोडें पनि मैले
तर उनिहरूले छोडेनन।
आज, मलाई खुला हावामा सास फेर्न
मलाई स्वतन्त्र भएर बाँच्न अनि, मर्न पनि प्रतिबन्ध छ ।
तपाईले बिर्सिए पनि तपाईलाई सम्झिरहने
म हजुरको प्रिय सिपाही बालकृष्ण ढुङ्गेल ।

बिचाराधिन हजारौं मुद्धा अलपत्र पार्दै
हामीले हाम्रा अदालत विघटन गर्यौं
उहीँ थोत्रा जुत्ता चप्पल भिर्न
हामीले आफ्ना मेहनतले निर्माण गरेको
त्यो महान बिकल्प खारेज गर्यौं।
कयौं आफ्नै सपनाहरूको रेटि रेटि हत्या गर्यौं
हजारौं कुशल र अब्बल कमाण्डरहरूलाई
कयौंलाई सित्तैमा बेच्यौं
कयौंलाई अरबका मरुभूमि खेद्यौं

मेरो प्रिय सुप्रीम कमाण्डर !
के म एउटा प्रश्न सोध्न सक्छु ?
अरुबाट लखेटिंदा लखेटिंदा
थकित गलित यो शरीरले
हजुरको लखेटाई कसरी सहन गर्छ ?
एउटा जवाफ फेरि चाहिएको छ
बिघटित हाम्रा अदालत
फेरि पुनर्स्थापित गरौं या लम्पसार परौं
मेरो प्रिय सुप्रीमो
भन्नुस अब
म बालकृष्ण ढुङ्गेल के गरौं ?

## आजको...

सूचना नै जारी नगरी स्थानीय निर्वाचनको तिथिमिति घोषणा गरिएको छ र यो संसदीय अधिनायकवादको कुरूप नमुना हो । साँचो कुरा गर्ने हो भने केही कथित ठूला दलहरूले राजनीतिक दम्भ र तानाशाही शैलीको प्रदर्शन गरेर गत दश वर्षसम्म संसदीय व्यवस्था र लोकतन्त्रको खिल्ली उडाउँदै आएका छन् । स्मरण रहोस्, यस्ता दम्भ चिरस्थायी हुँदैनन् । हामीले राणकालीन, पंचायतकालीन र २०४७ यताका संसदवादी दम्भ समेत देख्दै, भोग्दै र बेहोर्दै आएका छौं ।

आज देश चलाउने तालाचाभी कसको हातमा छ ? यो एउटा गंभीर प्रश्न हो । हामीले यसबारे राम्रोसित बुझ्न जरुरी छ । साँचो अर्थमा भन्ने हो भने देशलाई कुनै बाह्यशक्तिको इसारामा चलाउने षड्यन्त्र चल्दै आएको छ । सत्ता तथा सरकारमा जानका लागि देशका राजनीतिक शक्तिहरूले विदेशी प्रभुहरूको मुख ताक्ने तथा उनीहरूको दलाली गर्ने काममा प्रतिस्पर्धा गर्दै आएको कुरा कसैबाट छिपेको छैन । यो स्थिति केही वर्षयता निकै बढ्दै गएको छ । आज देशमा वर्तमान राज्यसत्ता तथा व्यवस्थाका पक्षधर शक्तिहरूलाई उपयोग गर्ने, उनीहरूलाई जुधाउने र अन्ततः त्यसबाट फाइदा लिने काममा तिनै विदेशी प्रभुहरूले केन्द्रीय भूमिका खेलिरहेको कुरामा कुनै शंका छैन । यो देशको राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्नमा बढ्दै गएको गम्भीर खतरा पनि हो ।

यसरी हेर्दा देशमा विकराल बन्दै आएका राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याको समाधान वर्तमान दलाल नोकरशाही पुँजीपति तथा सामन्तवर्गीय पश्चगामी राज्यसत्ता र व्यवस्थाद्वारा कदापि हुन सक्तैन । संविधान सभाद्वारा निर्मित कथित लोकतान्त्रिक गणतन्त्रले पुरानै राज्यसत्ता तथा शासनसत्ताको प्रतिनिधित्व गर्दछ । देशमा यसप्रकारको राज्यसत्ता र संसदवादी व्यवस्था असफलसिद्ध भइसकेको छ । तसर्थ, यस प्रकारको राज्यसत्ता तथा व्यवस्थाका विरुद्ध संघीय जनगणन्त्रको स्थापना गरी समाजवादी क्रान्तिको दिशातिर अघि बढ्नु नै अहिलेको एक मात्र विकल्प हो । त्यसै विकल्पका लागि तयारीमा लाग्नु आजको अपरिहार्य आवश्यकता हो ।

अहिले स्थानीय निर्वाचनको होहल्ला फिजाइएको छ । निर्वाचन हुने हो वा होइन अझै निश्चित रूपमा भन्न सकिने स्थिति छैन र निर्वाचन गरेर पनि समस्याहरूको समाधान हुने देखिदैन । तर पनि निर्वाचन हुने नै भएमा त्यसबारे उपयुक्त नीति लिनु आवश्यक हुन्छ । पार्टीले संसदीय व्यवस्था अन्तर्गत गरिने निर्वाचनलाई राजनीतिक कार्यनीतिको रूपमा ग्रहण गर्दै आएको छ । यसरी हेर्दा ठोस परिस्थितिको ठोस अध्ययन गरी त्यस प्रकारका निर्वाचनहरूको उपयोग वा बहिष्कार सिद्धान्ततः जे पनि गर्न सकिने कुरा स्पष्ट छ । हामीले विगतमा स्थितिको अध्ययन गरी यस प्रकारका निर्वाचनहरूको कुनै वेला बहिष्कार र कुनै बेला उपायोग गर्दै आएका छौं । हालै सम्पन्न पार्टीको केन्द्रीय समितिको विस्तारित बैठकमा अहिलेको स्थानीय निर्वाचनमा देशभक्त जनगणतान्त्रिक मोर्चाका उमेद्वारहरूलाई समर्थन गर्ने निर्णय लिइएको छ र यो निर्णय सार्वजनिक पनि भइसकेको छ ।

सामान्य रूपमा हाम्रो देशमा चुनावको उपयोग गर्दा दक्षिणपन्थी र बहिष्कार गर्दा क्रान्तिकारी भइन्छ भन्ने मानसिकता पाइन्छ । त्यो गलत हो । चाहे चुनाव उपयोग गर्दा होस् वा बहिष्कार गर्दा क्रान्तिकारी उद्देश्यमाथि ध्यान दिइएको छैन भने दक्षिणपन्थी वा उग्रपन्थी बन्ने खतरा हुन्छ । यसबारे विशेष ध्यानदिन जरुरी छ । त्यसैगरी वर्तमान प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थाको संरक्षण गर्ने संविधानको कार्यान्वयनका लागि चुनावमा भाग लिनु र तिनको विरोध तथा भण्डाफोर गर्दै क्रान्तिकारी विकल्पसहित चुनाव उपयोग गर्नुका बीच ठूलो गुणात्मक अन्तर हुन्छ । यसबारे आवश्यक ध्यानदिनु पर्दछ ।

स्थानीय निर्वाचनको उपयोगका सन्दर्भमा हाम्रो पार्टीको हालै सम्पन्न केन्द्रीय समितिको विस्तारित बैठकमा पारित निम्न भनाइ ध्यान दिन योग्य छन्- "स्थानीय निर्वाचन जनताका अत्यावश्यक तथा दैनिक कामहरूको व्यवस्थापनसित जोडिएको, महान् जनयुद्ध तथा क्रान्तिले गम्भीर धक्का खाई 'प्रतिक्रिया काल' सुरु भएको, अहिले उभारको अवस्था नरहेको, क्रान्तिको तयारीका लागि जनाधार तयार पार्न तथा जनताका बिचमा संगठन विस्तार गर्न आवश्यक बन्न गएको, जनताको एउटा ठूलो हिस्सामा निर्वाचनप्रति चासो देखिएको र पश्चगामी सत्ता तथा व्यवस्थाको विरोध एवम् भण्डाफोर गर्ने एउटा उपयुक्त माध्यम हुने भएकोले सो निर्वाचनको क्रान्तिकारी ढंगले उपयोग गर्न आवश्यक छ । परन्तु, यस प्रकारको उपयोग पार्टीद्वारा सिंधै नभई संयुक्त मोर्चामार्फत् गर्नु सही हुन्छ र त्यस निम्ति संयुक्त मोर्चालाई समर्थन गरेर जाने नीति अवलम्बन गर्नुपर्दछ ।" पार्टीद्वारा अवलम्बन गरिएको यो नीति सही छ र हामीले यसप्रकारको निर्णयलाई दृढतापूर्वक कार्यान्वयन गर्नु पर्दछ ।

आज देशमा अर्को प्रतिक्रिया काल सुरु भएको छ । देश राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पुरानै अवस्थामा छ । देशमा दलाल, नोकरशाही पुँजीपति तथा सामन्तवर्गको हैकम तीव्र बन्दै गएको छ । र, कम्युनिष्ट नामधारी दक्षिणपन्थी संशोधनवादीहरूद्वारा प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थालाई सघाउँदै स्वयम् प्रतिक्रियावादीकरणको दिशामा जाने एकपछि अर्को प्रक्रिया जारी राखिएको छ । यो बेला दलाल तथा नोकरशाही पुँजीवाद, सामन्तवाद, साम्राज्यवाद एवम् विस्तारवाद र दक्षिणपन्थी संशोधनवादको विरोध एवम् भण्डाफोर गर्दै तथा संघर्षका विविध रूपहरूको प्रयोगमा आवश्यक ध्यान दिँदै नयाँ जनवादी क्रान्तिको तयारीमा लामबद्ध हुनेबारे विशेष ध्यान दिन जरुरी छ ।

## मार्क्सवाद...

वर्गशक्तिहरूको सही मुल्यांकनका साथ यसबाट कुन वर्ग क्रान्तिकारी संघर्षको मुख्य शक्ति हो, कुन वर्गलाई मित्र शक्तिको रूपमा आफ्नो पक्षमा ल्याउन सकिन्छ र कुन वर्गको हातबाट सत्ता खोस्नु पर्छ भनेर जानिसकेपछि संघर्षको सही रणनीति तयार गर्न सजिलो पर्छ ।

विगतमा हाम्रो कमी-कमजोरी भनेको सिद्धान्ततः मार्क्सवाद-लेनिनवाद-माओवादलाई पथ प्रदर्शक सिद्धान्त मान्ने, तर व्यवहारतः ठीक त्यस्को उल्टो भने जस्तो काम गर्न पुग्ने । अर्थात व्यक्ति विशेषलाई अनावश्यक रूपले बढी महत्व दिनुसँगै सर्वाधिकार सम्पन्नता प्रदान गरेजस्तै गरेर युद्धकालीन स्थितिको नाउँमा, केन्द्रीकृत नेतृत्वको विकास गर्दै प्रचण्डपथको नामाकरण गर्नु पुग्नु त्यो महाभूल थियो । पार्टीभित्र हुनगएको त्यस गल्तीलाई सच्याउनुको बदला त्यसै गल्तीको कमजोरीवाट उत्प्रेरित भई ती प्रमुख नेतृत्वकारी प्रचण्डले अत्यन्तै चतुऱ्याइपूर्ण ढंगले प्रस्तुत गर्न ल्याइपुऱ्याएको महान जनयुद्धको प्रक्रियामा पुरानोको विरोध र नयाँको पक्षपोषण गर्ने नाममा पार्टीको केन्द्रीय समितिको एउटा बैठकमा 'एक्काइसौं शताब्दीमा जनवादको विकास' र बाबुरामको 'नयाँ राज्यसत्ता' लेख जो दक्षिणपन्थी नवसंशोधनवादका विजाङ्कुर थियोलाई त्यतिखेर बिनाअपवाद भनेजस्तो गरी पनपनाउन दिनु (खुल्ला छोड्नु) जस्तो सिंगो पार्टीपंक्तिको कमी कमजोरीले गर्दा देशका शोषित पीडित जनसमुदायका होनहार युवा छोराछोरीहरू १५औं हजारको बलिदान, हजारौं हजार बेपत्ता पारिएका र हजारौं अङ्गभङ्ग भई जिउन बाध्यकारीहरूको योगदानबाट प्राप्त त्यो सम्पूर्ण उपलब्धिहरू मितियामेर पार्दै ती राष्ट्रिय तथा वर्गीय आत्मसम्पर्णवादीहरूले साम्राज्यवाद, भारतीय विस्तारवादका दलाल पुँजीपति नोकरशाह सामन्तवर्ग तथा प्रतिक्रियावादीहरूसँग घाँटी जोडि पुनर्स्थापित गरिएको उही पुरानो भई मक्किसकेको संसदीय चलखेल हेर्न बाध्य हुन पुगिरहेको छ । र फेरि पनि अहिले ध्रुवीकरणको नाउँमा पार्टी प्रवेशलाई बिनासोचविचारै नगरी त्यत्तिकै खुल्ला छोड्ने, हो भने क्रान्तिकारी पार्टीको आन्तरिक संगठनात्मक संरचनामा नकारात्मक असर नपर्ला भन्न सकिन्न । क्रान्तिकारीहरू यस मानेमा अत्यन्तै गम्भीरतासाथ सचेत रहनु नितान्त जरुरी छ ।

अबको हाम्रो संघर्षको लक्ष्य हो, ती गद्दार राष्ट्रिय आत्मसमर्पणवादीले बीच बाटैमा अधुरो र अलपत्र पारी छोडेको नयाँ जनवादी क्रान्तिलाई पूर्णतामा परिणत गरी जनवाद हुँदै समाजवादमा पुग्नु रहेको छ । यसको निमित्त पार्टी संगठन तथा जनवर्गीय संगठनहरूलाई मजबुत रूपले सुदृढ र सुसंगठित पार्दै विशेषत मजदुर (सर्वहारा वर्गको नेतृत्वमा), किसान तथा शहरिया गरिबहरूलाई जागृत तुल्याउँदै जमिनदार वर्ग साम्राज्यवाद र भारतीय विस्तारवादका पृष्ठपोषक दलाल नोकरशाही पुँजीपति, तथा समन्तवर्गहरूको कब्जामा रहेको प्रतिक्रियावादी शासनको तख्ता पल्टाएर नयाँ जनवादी क्रान्ति पूरा गर्नु हो । त्यसपछिको हाम्रो पाइला समाजवादी हुँदै साम्यवादमा पुग्नु हुनेछ । यो महान् क्रान्तिकारी कार्यभार पूरा गर्नु साधारण वा सजिलो काम होइन र यो पूर्ण रूपमा सर्वहारावर्गको पार्टीको सही र दृढ रणनीतिमा निरभर हुन्छ । यदि संघर्षको रणनीति गलत, ढुलमुले वा डामाडोल भएमा क्रान्तिले फेरि अर्को अस्थायी पराजय भोग्नुपर्ने हुन्छ । यस मानेमा क्रान्तिकारीहरू विगतका घटनाबाट पाठ सिक्दै क्रान्तिकारी सचेतता साथ क्रान्तिकारी उत्साह र मृत्युलाई हाँक दिने जुझारु ढङ्गले संघर्षको मैदानमा उत्रनु आजको राष्ट्रिय आवश्यकता हो ।

०७३/१०/११

*ताहाचल, चागल, काठमाडौं, नेपाल*

## दलीय...

समावेश नहुन्जेल एकताबद्ध भएर लड्न आन्दोलनरत दलहरूलाई आग्रह गर्दै अध्यक्ष बैद्यले तीन दलीय तानाशाहहरूसँग सुटुक्क तरिकाले सम्झौता नगर्न पनि सचेत गराए ।

लोकतन्त्र भनेको विविधताबीचको एकता हो भन्दै अध्यक्ष बैद्यले तीन दलले ६८ दल, मधेसी मोर्चासहितको संघीय गठबन्धनलाई पाखा लगाएर र निषेध गरेर लोकतन्त्रको सौन्दर्यलाई कुरूप बनाएको टिप्पणी गरे ।

मधेसी मोर्चासहित क्रान्तिकारी माओवादीले वर्तमान संविधानबाट जनताको समस्या समाधान नहुने ठहर गरी संविधान जलाएको प्रसंग उल्लेख गर्दै संविधानको जनविरोधी चरित्रले उक्त तथ्य पुष्टि गरेको पनि दावी गरे ।

यसैबीच, अध्यक्ष बैद्यले काठमाडौं उपत्यकाव्यापी सडक विस्तार पीडित संघर्ष समितिको आयोजनामा संचालित रिले अनसनलाई पनि सम्बोधन गर्दै जनताको वेदना, मर्म र दुःख सुन्न सरकार तयार नरहेको आरोप लगाए । उनले भने, 'भन्नका लागि लोकतान्त्रिक सरकार भनिन्छ तर लोकतन्त्रको नाममा तीन दलीय अधिनायकवाद लागू भइरहेको छ ।'

अनसनरत सडक विस्तार पीडितहरूको सुस्वास्थ्यको कामनासहित जायज माग तत्काल पूरा गर्न अध्यक्ष बैद्यले सरकारसँग माग पनि गरे र आन्दोलन सशक्त पार्न पीडितहरूसँग आग्रह पनि गरे ।

यसैबीच, अनसनको पहिलो दिन सबम्बोधन गर्दै नयाँ शक्तिका संयोजक डा.बाबुराम भट्टराईले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड पंचायत ब्यूँताउने काममा लागेको गम्भीर आरोप लगाएका छन् ।

"प्रचण्डको नेतृत्वमा बनेको सरकारले नयाँ ढंगले पंचायत ब्यूँताउने कामको नेतृत्व गरिराखेको छ। यो हाम्रो लागि दुःख र लज्जाको विषय हो ।"

दलहरूहरूलाई चुनाव चिन्ह नदिनु प्रतिक्रान्ति र संविधान विपरीत भएको जिकिर गर्दै भट्टराईले 'विगतका सहयात्री साथीहरू जो आज सत्तामा पुगेका छन्, उनीहरूले पुरानै अभ्यास गरेका छन् । हामीले लडेर ल्याएको बहुदलीय प्रजातन्त्र खोस्ने र दलीय पहिचान अन्त गर्ने तथा निर्वाचनमा चुनाव चिन्हसहित जाने संविधानले दिएको अधिकार खोस्ने दुस्साहस गरेका छन् । यो भन्दा ठूलो प्रतिक्रान्तिको नमुना के हुन सक्छ?' प्रश्न गरे ।

यसैबीच, दलीय चुनाव चिन्हका लागि अन्दोलनरत ६८ दलले २ वैशाखबाट रिलेअनसन सुरु गरेका छन् । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, नयाँ शक्ति नेपाललगायत ६८ दलका नेता कार्यकर्ताहरूको उपस्थितिका बीच रिलेअनसनको नयाँ शक्तिका डा.बाबुराम भट्टराई, देजमोका नेता कमल चौधरीलगायत संयुक्त संघर्ष समितिका नेताहरूले संयुक्त रूपमा उद्घाटन गरे । काठमाडौं रत्नपार्क शान्तिबाटिकामा सुरु गरिएको रिले अनसन बैशाख ८ गतेसम्मचल्नेछ । विहान ८ बजेदेखि बेलुका ६ बजेसम्म अनसन बस्ने, अनसन अवधिभर प्रत्येक दिन ३ बजे साँस्कृतिक कार्यक्रमसहित नागरिक समाजका अगुवा, कलाकार, व्यापारी तथा उद्योगपति, व्यावसायी संघसंस्था, ट्रेड यूनियन, सामाजिक संघसंस्था, दल तथा मोर्चाद्वारा ऐक्यबद्धता कार्यक्रमको आयोजना गरिने देजमोका कार्यालय सदस्य कमल चौधरीले बताए । अनसनमा सामना साँस्कृतिक परिवारले क्रान्तिकारी गीत संगीत प्रस्तुत गर्दै आएको छ ।

काठमाडौंमा अनसन थालेका ६८ दलले स्थानीय तहमा निर्वाचन आयोग तथा स्थानीय तह निर्वाचन सम्बन्धी सरकारी तथा गैरसरकारी संघसंस्थाले संचालन गर्ने निर्वाचन शिक्षा, पर्यवेक्षण जस्ता सबै कार्यक्रम अवरोध गर्ने गराउने र आवश्यकता अनुसार धर्ना, जुलुस, सभा गर्ने र तीन दलीय सिन्डिकेटबाट लोकतन्त्रको हत्या हुन लागेको सन्देश देशव्यापी रूपमा प्रवाह गर्ने लगायत संघर्षका कार्यक्रमहरू रहेको पनि नेता चौधरीले बताए ।

संयुक्त संघर्ष समितिका एक नेताका अनुसार संघर्षका कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन विभिन्न पाँचवटा उपसमितिहरू बनाइएको छ ।

## ढुंगेललाई...

(क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले शनिबार वक्तव्य जारी गर्दै ढुंगेललाई पक्राउ आदेश गर्नु शान्तिसम्झौताको गम्भीर उलंघन भएको भन्दै जनयुद्धकालीन मुद्दालाई अयोगमार्फत् राजनीतिक रूपमा समाधान गर्न सरकारसँग जोडदार माग गरेको छ ।

# देजमो तमुवान राज्य संयोजकमा भीमबहादुर श्रीस

पोखरा । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल तमुवानको संयोजकमा भीमबहादुर श्रीस चुनिएका छन् । हालै भएको मोर्चाको एक भेलाले १ सदस्य पछि थप्ने गरी १७ सदस्यीय राज्य संयोजन समिति निर्माण गरेको छ । मोर्चाका राज्य सदस्यहरुमा शुशिला थापा केस देजमो, कल्पना थापा (महिला मोर्चा राज्य संयोजक), बाबुराम सुवेदी (किसान मोर्चा), कृष्ण कट्टेल (मजदुर मोर्चा), तिलक अधिकारी (युवा मोर्चा), छवि घले (गोरखा संयोजक), नेत्र राणाभाट (तनहुँ संयोजक), सन्त ब. भुजेल (कास्की संयोजक), तेजेन्द्र पौडेल (पर्वत संयोजक), देवी थापा (मगर मोर्चा), राजेन्द्र तमु (तमु मार्चा), अगन विक (दलित मोर्चा), बम ब. छन्त्याल (छन्त्लात मोर्चा), राम कोइराला (बुद्धिजीवि /जनसांस्कृतिक मोर्चा), काजीबाबु श्रेष्ठ (जनसांस्कृतिक मोर्चा) लगायत रहेका छन् ।

# भक्तपुरका तीन नगरमा क्रान्तिकारी युवा लिग

● प्रबीण त्वान्ज

भक्तपुर । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित क्रान्तिकारी युवा लिग, नेपालको शनिबार चाडुनारायण,सुर्यबिनायक र नगरकोट नगर भेला आयोजक कमिटी गठन गरियो ।

सुबस खड्काको संयोजकत्वमा गथित क्रान्तिकारी युवा लिग चाङ्गुनारायण नगर आयोजक कमिटीमा नवीन सहसंयोजक , राजकुमार मगजु, भरत भन्दारी,उमेश मगजु, रामभक्त ह्योङ्गजु, पवन नेपाली, मनिष नेपाली र आसाराम ह्योङ्गजु सदस्य छन ।

लक्ष्मी प्रसाद कासुला इनचार्ज, कृष्ण प्रसाद ज्याख्व संयोजक रहेको क्रान्तिकारी युवा लिग , सुर्यबिनायक नगर आयोजक समितिमा उत्तम बोहजु,सरिक सुवाल,अनिल मचामसी,उत्तम लोहला,बलराम लोहला सदस्य छन ।

कृष्ण खोजु संयोजक रहेको क्रान्तिकारी युवा लिग,नगरकोट नगर आयोजक समितिमा बिशाल लामा, शुरेश माक, बिजय लामा, जयराम प्रजापति , आकाश तामाङ र रन्जन कुसि सदस्य छन् ।

कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी ) भक्तपुर जिल्ला संयोजक श्रीकृष्ण सुलुले क्रान्तिकारी कम्युनिस्ट पार्टी नेकपा (क्रान्तिकारी माओवादी ) मात्र रहेको स्पष्ट पार्दै युवाहरूलाई सचेत हुन आह्वान गर्नुभयो । कार्यक्रममा पार्टी जिल्ला इनचार्ज बिन्दा मगर र लिम्का जिल्ला अध्यक्ष राजु लोहलाले पनि बोल्नुभएको थियो ।

# रूपन्देहीमा देजमोको सांगठानिक अभियान तीव्र

बुटवल । देशभक्त जनगणतान्त्रिक मोर्चा-नेपाल, रूपन्देहीले बुधबार देवदहको खैरेनीमा चुनाबी अभियान तथा भेला सम्पन्न गरेको छ । स्थानीय चुनावलाई क्रान्तिकारी उपयोगको नीति लिएको मोर्चाले चुनाबी अभियान अन्तरगत खैरेनीमा भेला सम्पन्न गरेको हो । भेलाले बिरबहादुर गुरुङको संयोजकत्वमा ९ सदस्यीय मोर्चाको देबदह नगर समिति गठन गरिएको छ । समितिमा चिरञ्जिवी काफ्ले,शेरबहादुर बि.क.,गोरी थापा, सोमबहादुर गुरुङ, लक्ष्मी चौधरी,भीमलाल काफ्ले,सरला शर्मा,खुमबहादुर गाहा सदस्य रहेका छन् भने सल्लाहकारमा निमकला पुन, ऋषिराम लामिछाने, राजु भुजेल रहेका छन् । भेलाले स्थानीय चुनाब सम्पन्न गर्न आर्थिक व्यवस्थापनका लागि ऋषिराम लाछिाने,बिरबहादुर गुरुङ,चिरञ्जिवी काफ्ले रहेको तीन सदस्यीय आर्थिक समिति गठन गरिएको मोर्चाले जनाएको छ । भेलामा नेकपा क्रान्तिकारी माओवादी,रूपन्देहीका संयोजक भुलबहादुर सुनारी,सचिवालय सदस्य बिनोद मरासनी,ऋषिराम लामिछाने,शेरबहादुर बि.क.लगायतले सम्बोधन गरेका थिए । मोर्चाका अनुसार रूपन्देहीमा दुई टोली चुनाबी अभियानमा लागेको छ । चैत्र २८ बाट शुरु भएको मोर्चाको पहिलो अभियान बैशाख ५ गते समापन हुँने जनाएको छ । मोर्चाले प्रतिगामी, प्रतिक्रियावादी र प्रतिक्रियावादी उन्मुख राजनैतिक दलसंग चुनाबी तालमेल नगर्ने जनाएको छ ।

# देजमो रत्ननगर नगरपालिकाको अध्यक्षमा प्रकाशबाबु खनाल

चितवन । चितवनको रत्ननगर नगरपालिकामा भएको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको एक भेलाले मोर्चाको नगरपालिकाको अध्यक्षमा प्रकाश बाबु खनाललाई निर्वाचित गरेको छ । रत्ननगर टाँडी कोयस्ट मोडल कलेजको प्रांगणमा भएको भेलाले खनालको अध्यक्षतामा ११ सदस्यीय नगर कमिटि चयन गरेको छ । नगर कमिटिका सदस्यहरुमा उत्तम सिमखडा, चन्द्रप्रसाद नेपाल, भोदनाथ मरट्ठा, छविलाल सुनुवार, ऋषि वाइवा लगायत रहेका छन् ।

भेलामा पार्टीका केस तथा चितवन जिल्ला इन्चार्ज अम्विका मुडभरी, किसान नेता भुमिश्वर कँडेल, हरिकृष्ण खनाल लगायत नेताहरुको उपस्थिति रहेको थियो । भेलाले रत्ननगरमा चुनावी अभियानलाई तीव्रता दिने निर्णय गरेको छ ।

## ६८ दलीय...

आन्दोलनप्रति ऐक्यबद्धता जनाएको कार्यक्रमको संचालन गोकर्ण अधिकारीले गरेका थिए

## गम्भीर...

चेतावनी दिएका छन् । वैद्यले सबै दलको सहभागितामा निर्वाचन सम्पन्न हुनु राष्ट्र र जनताको हितमा हुने बताएका छन् ।

तीन दलीय हठ र सत्ता स्वार्थका कारण मुलुक चुनावतर्फ होइन मुठभेडतर्फ धकेलिएको विकसित घटनाक्रमले स्पष्ट संकेत गरेको छ । मधेसी मोर्चा, संघीय गठबन्धन र ६८ दलको जारी आन्दोलनका कार्यक्रममाथि राज्यले दमन गरे त्यसको कडा प्रतिवाद गरेर जाने आन्दोलनरत दलका नेताहरुले बताइरहेको अवस्थामा राज्यले घोषित मितिमै चुनाव गराउने भन्दा आन्दोलनरत पक्षको माग सुनुवाइ गर्ने र उनीहरुको समेत सहमति लिएर स्थानीय तहको निर्वाचनको नयाँ मिति तोकिनु बुद्धिमतापूर्ण कदम हुन सक्छ । अन्यथा मुलुक गम्भीर मुठभेडतर्फ धकेलिने छ । जसको जवाफदेही ठूला भनिएका तीन दल नै हुनेछन् ।


नव वर्ष २०७४ को

उपलक्ष्यमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

नेवाः कानुनी सेवा परिवार

मालपोत कार्यालय, भक्तपुर,

९८४१७२५३७६, ९८५११८९५६२

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं

फोन नं. : ०१-४२७०७०४, ४२७६३८१

तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)

फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर

फोन नं. : ०१-५१८७२५६

बल्खु, काठमाडौं ।

स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर

काठमाडौं - ९८६६८३३३९९

खलंगा - ९८५१२४९९४८

किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति

सम्पर्क

कृष्ण सुवेदी - ९८५१०१८९१२

राम के.सी. - ९८५१०५४२६४

होम छन्त्याल - ९८४१९०६५७२

गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ

बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# बालकृष्णहरूले यो कुरा कहिले बुझ्ने ?

◆ विनोद सहयात्री

०६३ मंसिर ५ मा विस्तृत शान्तिसम्झौता गरेपछि प्रचण्ड-बाबुरामहरूले जनयुद्धको विधिवत अन्त्य गरे । जनयुद्धका अवयवहरूको पनि केही समयको अन्तरालमा माटियामेट पारे । उनीहरूलाई शक्ति संचयको कुनै आवश्यकता परेन । उनीहरूलाई विदेशी शक्तिकेन्द्रले यसरी उचाल्यो, उछाल्यो कि उनीहरूले आफ्नो हैसियत, धरातल र गन्तव्य नै बिर्सिए । र, फगत ती शक्तिकेन्द्रको खेलौनामा परिणत भए । विरोधीहरूलाई त 'नरेगा बाँस नबजेगा बाँसुरी' बनाउनु नै थियो । हेर्दा हेर्दै प्रत्याक्रमणको चरणमा पुगेको दशवर्षे जनयुद्धको उपलब्धि तासको घर झैं गल्र्यामगुल्र्लुम ढल्यो । नेता कार्यकर्ताहरू विभिन्न राजनीतिक धारातर्फ उछिट्टिए । विभाजन, विघटन र विसर्जनतर्फको यात्राले निकै ठूलो फड्को मार्‍यो । जनता र कार्यकर्तामा निकै ठूलो निराशा पैदा मात्रै होइन, माओवादी आन्दोलनका शीर्ष नेताहरूमाथि अविश्वास, घृणा र आक्रोश चुलियो ।

पदम कुँबरहरूले जनयुद्धका सर्वोच्च कमाण्डर प्रचण्डलाई हानेको झापड कार्यकर्ताको त्यही आक्रोशको अभिव्यक्ति थियो । यदि नेता मोहन वैद्य'किरण'ले माओवादी आन्दोलनभित्र चुलिदो आक्रोशलाई अलग पार्टी बनाएर राजनीतिक रूपमा व्यवस्थापन गर्दैनथे भने प्रचण्डलगायत थुप्रै कमाण्डरहरू आफ्नै सदस्यहरूको आक्रोशको ठूलै मारमा पर्ने थिए । आन्दोलनभित्र जन्मिने आम अराजकतालाई नियन्त्रण गर्न सक्ने स्थिति रहने थिएन । कार्यकर्ताको तातातातो आक्रोशलाई मोहन वैद्य'किरण' नेतृत्वको ड्यास माओवादीले राजनीतिक रूपमा अगाडि बढाउने कोशिस गर्‍यो । यो धारालाई शक्तिकेन्द्रहरूले चुनौतीपूर्ण देखे । प्रचण्ड-बाबुरामलाई सिध्याएपछि माओवादी आन्दोलन सिद्धिने विश्लेषण गरेका उनीहरूका लागि ड्यास माओवादीबाट अझ बढी असुरक्षित महसुस गरे र उनीहरूले माओवादी आन्दोलनको यो 'ओरिजिनल' धारालाई समाप्त पार्न विभिन्न चलखेलहरू सुरु गराए । उनीहरूले यो पार्टीभित्र पसेर पात्र र प्रवृत्तिलाई पहिचान गरे । तुलनात्मक रूपमा प्रभावशाली र महत्वकांक्षी नेताको रूपमा नेत्रविक्रम चन्द'विप्लव'लाई उचाले, उछाले । विप्लवको महत्वकांक्षालाई राम्ररी बुझेका शक्तिकेन्द्रहरूले भरमार प्रयोग गरे र विप्लवलाई वैद्यबाट अलग गराए । पार्टीभित्र गतिशिल युवा पंक्तिको नेतृत्व गर्ने विप्लवलाई अलग्याएपछि माओवादी आन्दोलनको 'ओरिजिनल' धारा सकिने उनीहरूको विश्लेषण थियो । त्यो विश्लेषणले पनि काम नगरेपछि प्रचण्डबाट बाबुरामलाई अलग्याएर 'क्रान्तिकारी' धाराको नेतृत्व गर्ने बैद्यलाई प्रचण्डमा विलय गरेर सँदाका निम्ति यो धारालाई समाप्त पार्न सकिने विश्लेषणका आधारमा तत्कालीन प्रचण्ड माओवादीसँग वैद्य माओवादीको एकताको गृहकार्य अगाडि बढाइयो । 'प्रचण्डलाई रूपान्तरण गराएर छरपष्ट माओवादी आन्दोलनलाई पुनर्संगठित गराउन सकिन्छ र अधुरो नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा गर्न सकिन्छ भने एक पटक प्रयास गरौं न त' भन्ने बैद्यको इमान्दारितापूर्ण प्रयासलाई पार्टीभित्रका छद्म अवसरवादीहरूले डिजाइनमा भरमार प्रयोग गर्न खोजे । बैद्यको सिद्धान्तनिष्ठ एकताको अडानका विपरीत अनेक जाल,झेल, षड्यन्त्रहरू भए/गरिए । केही पार नलागेपछि उनीहरूले बादल र गुरुङसहितको ठूलो पंक्तिलाई प्रचण्डको पार्टीमा बिलय गराए । र, वैद्य नेतृत्वको क्रान्तिकारी माओवादीको अस्तित्वमाथि पटक पटक धावा बोलियो । तर वर्गसंघर्ष र अन्तर्संघर्षका भीषण प्रक्रियाबाट सतिसालझैं बनेका नेता बैद्य र उनको पार्टीपंक्तिका अगाडि ती शक्तिकेन्द्रहरू वैचारिक, राजनीतिक रूपमा पूरै पराजित हुन बाध्य भए । उनीहरूले गोयबल्स शैलीमा गरेका भ्रामक झुठ प्रचारका बाबजुद क्रान्तिकारी माओवादी जनताबीचमा गयो । र, माओवादी आन्दोलनको क्रान्तिकारी धारालाई संगठित गर्दै फेरि सशक्त बन्दै अगाडि बढ्ने प्रयत्नमा अगाडि बढि नै रह्यो । फेरि पनि दक्षिण र बाम कोणबाट मात्र होइन, देशी विदेशी प्रतिक्रियावादी कोणबाट भइरहेको आक्रमणको विरुद्ध यो पार्टी लडिरहेको छ र लडाइँकै बीचबाट यसले आफूलाई श्रेष्ठ सावित गर्दै जानु ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादको नियम नै हो ।

माओवादीहरू नै आज यसरी 'वास्तविक माओवादी'लाई सिध्याउन ज्यान फालेर लागेका छन् भने तितरवितर अवस्थामा पुगेका, जनताबाट कटेका र शक्तिहीन भएका हिजो जनयुद्धमा सहभागी भएका नेता कार्यकर्ताहरूलाई एक एक गरेर भौतिक रूपमै सिध्याउन तिनै देशी विदेशी शक्तिकेन्द्रहरू लागिरहेका छन् । जनयुद्धकालीन मुद्दा ब्युँताएर उनीहरू केन्द्रदेखि स्थानीय स्तरका माओवादी नेताहरूलाई जेल हाल्ने अभियानमा लागेका छन् । अहिले माओवादी केन्द्रका नेताहरूले व्यवस्था बदलियो, जनवादी क्रान्ति पूरा भयो, सिंहदरबारको अधिकार गाउँ नगरमा आइपुग्यो भनेर स्यालहुइँयया चलाउँदै गर्दा पुरानो प्रतिक्रियावादी व्यवस्थाको प्रतिक्रियावादी अदालतले जन्मकैदको फैसला सुनाएको आफ्नै पार्टीका नेतालाई जेल हाल्न प्रधानमन्त्रीको नाममा सर्वोच्च अदालतले सात दिने वारेन्ट जारी गर्दा केवल मूक दर्शक बनिरहेका छन् । आफै प्रधानमन्त्री रहेको अवस्थामा त जनयुद्धकालीन मुद्दामा नेता कार्यकर्ताहरू जेल जाने स्थिति रहन्छ भने सरकारबाट बाहिरिएपछि माकेजनको स्थिति के हुन्छ ? दुईपटक प्रधानमन्त्री भएर पनि जनयुद्धका १०५४ जना वेपत्ता योद्धाहरूको स्थिति पत्ता लगाउन नसक्ने प्रचण्डलाई नै सरकारबाट बाहिरिएपछि चितवनको माडी घटनाले उनलाई बस्न खान देला ? जनयुद्धकालीन मुद्दाहरूलाई सत्यनिरूपण आयोगमार्फत् किनारा लगाउने सहमतिका विपरीत यसरी जनयुद्धकाली मुद्दामा कार्यकर्ताहरू जेल जाँदा पनि उनले केही गर्न नसक्नुले उनको वास्तविक हैसियतलाई प्रष्ट्याउँछ । शक्तिकेन्द्रसँग जतिसुकै लम्पसार परे पनि प्रचण्डहरू सुरक्षित छैनन् । घटनाक्रमहरूले यही तथ्य उजागर गर्दै लगेको छ । जनयुद्धका जनयोद्ध र एजेण्डा नेपाली विशिष्टतामा आधारित सशस्त्र विद्रोहले मात्र गर्न सक्छ । यस दिशातर्फ सच्चा क्रान्तिकारी माओवादीहरू अग्रसर र लामबद्ध हुन जरुरी छ ।

क्रान्तिमाथि प्रतिक्रान्ति हावी भएपछि संसारभर छरिएका छन् हिजो जनयुद्ध लडेका जनयोद्धाहरू- हातमुख जोर्ने सिलसिलामा । अधिकांशले अभावको कष्टकर जीवन बिताइरहँदा माओवादी आन्दोलनभित्र मुठ्ठिभरलाई ऐस आरामको जिन्दगी छ । 'लाखौको लागि उजाड छ यो देश, मुठ्ठिभरलाई त स्वर्ग छ' भनेजस्तै भएको छ । माओवादी आन्दोलनबाट आएका मुठ्ठिभर नेताहरू नवधनाढ्य वर्गमा फेरिएका छन् । उनीहरूका लागि जनयुद्ध, जनयुद्धका एजेण्डा, जनताबीचमा गरेको बाचा र सहिदहरूसामु गरेको संकल्प 'खोला तर्‍यो, लौरो बिर्स्यो' जस्तै भएको छ । तर इतिहासले तिनीहरूसँग अवश्यै हिसाब किताब माग्ने छ र उनीहरू इतिहासको कठघरामा खडा हुनै पर्नेछ । फेरि उठ्ने सशस्त्र जनविद्रोहले त्यसको हिसाब किताब अवश्य गर्नेछ ।

समाजमा शोषण, उत्पीडन र विभेद कायम रहुन्जेलसम्म क्रान्ति सँधै आवश्यक र सम्भव रहन्छ । प्रत्याक्रमणको चरणमा पुगेको नेपाली जनताका विद्रोह अहिले रक्षामा धकेलिएको भए पनि फेरि उत्कर्षमा अवश्यै पुग्नेछ । कुनै पनि चिज यथास्थितिमा रहन सक्दैन । समाज गतिशिल छ । यही गतिशिलताले विद्रोहको ज्वारभाटा उराल्नेछ । र, साँच्चै एक दिन यो मुलुकमा श्रमजीवि, शोषित-उत्पीडित जनता अधिकार सम्पन्न भएको जनताको राजनीतिक व्यवस्था स्थापित हुनेछ । यो नै समाज विकासको अनिवार्य नियम हो । समाज यही व्यवस्था भएर मात्र अगाडि बढ्नेछ । त्यस बेला मात्र बालकृष्ण ढुंगलहरूमाथि वास्तविक न्याय हुनेछ । गणतन्त्रकै निम्ति जीवनको उर्जाशिल समय खर्चेर ल्याएको कथित लोकतान्त्रिक गणतन्त्रमा जेल जानुपर्ने स्थितिले बताउँछ । यो लोकतान्त्रिक गणतन्त्रको आवरणमा प्रतिक्रियावादी नै व्यवस्था हो । यो व्यवस्था बदल्ने क्रान्तिकारी माओवादीहरूले प्रण नगरे अरु कसले गरिदिन्छ । आउनुहोस्, फेरि इतिहासले तपाईं हाम्रो काँधमा सुम्पेको यो जिम्मेवारी पूरा गर्ने प्रतिबद्धताका मुठ्ठि उचालौं ! बालकृष्ण ढुंगेलहरूले विद्रोहको झण्डा नउचाली सुख छ र ?

नव वर्ष २०७४ को उपलक्ष्यमा सम्पूर्ण विद्यार्थी, शिक्षिकशिक्षिका, अभिभावक एवं नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

प्रिन्सिपल- सीताराम भट्टराई

न्यू लाईट इङ्लिस बोर्डिङ हाईस्कूल परिवार

शंकर नगर तिलोत्तमा, रूपन्देही, मो. ९८५७०३३४५७

नव वर्ष २०७४ को उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं

व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?

जन्म मृत्यु, विवाह, बसाई सराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने गाउँपालिका वा नगरपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

सचिव-डिकबहादुर कार्की

लालीगुराँस नगरपालिका परिवार

तेह्रथुम

नव वर्ष २०७४ को उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं

व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?

जन्म मृत्यु, विवाह, बसाई सराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने गाउँपालिका वा नगरपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

सचिव- विवेकचन्द्र कार्की

आठराई गाउँपालिका परिवार

तेह्रथुम

नव वर्ष २०७४ को उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं

व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?

जन्म मृत्यु, विवाह, बसाई सराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने गाउँपालिका वा नगरपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

सचिव-तुलसी पौडेल

छथर गाउँपालिका परिवार

तेह्रथुम

नव वर्ष २०७४ को उपलक्ष्यमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रो. डा. सन्तु कुमार शर्मा

सत्यसाई क्लियरिन एजेन्सी परिवार

सिद्धार्थ नगरपालिका-१, बेलीहिया, रूपन्देही

नव वर्ष २०७४ को उपलक्ष्यमा सम्पूर्ण ग्राहकवर्ग एवं नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष- जितबहादुर मल्ल

प्रगतिनगर खानेपानी तथा सरसफाई उपभोक्ता समिति परिवार

बुटवल उपमहानगरपालिका-१३, देवीनगर, रूपन्देही




प्रकाशक : रामसिंह बुढाथोकी, प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : केशरमणि कटुवाल, फोटोः जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।